# प्रादेशिक आर्थिक गतिविधि अध्ययन

(बागमती प्रदेश)

## अर्ध-वार्षिक प्रतिवेदन

(आर्थिक वर्ष २०७८/७९)




नेपाल राष्ट्र बैंक

आर्थिक अनुसन्धान विभाग

(२०७९ जेठ)

# भूमिका

आर्थिक स्थायित्व, अर्थतन्त्रको दिगो विकासका लागि मूल्य तथा शोधनान्तर स्थिरता र वित्तीय क्षेत्र स्थायित्व कायम गर्नु नेपाल राष्ट्र बैंकको उद्देश्यहरु हुन् । यी उद्देश्य हासिल गर्न बैंकले मौद्रिक, वित्तीय र विदेशी विनिमय नीति तर्जुमा गरी कार्यान्वयन गर्दै आएको छ । तथ्यमा आधारित नीति निर्माणका लागि बैंकले अर्थतन्त्रका विभिन्न विषयमा अध्ययन, अनुसन्धान गरी प्रतिवेदन प्रकाशन गर्दै आएको छ। बैंकले गर्ने अध्ययन अनुसन्धानको लागि कृषि, उद्योग र सेवा क्षेत्रका निकायबाट आवश्यक तथ्याङ्क तथा विवरणहरु संकलन/प्रशोधन गर्ने गर्दछ ।

वास्तविक क्षेत्रको आर्थिक अवस्था तथा समस्या पहिचान गरी आवश्यकता अनुरुप नीति तथा कार्यक्रम तर्जुमा गर्न बैंकले नियमित रुपमा आर्थिक गतिविधिको अध्ययन प्रतिवेदन तयार गर्ने गरेको छ । मुलुकमा संघीयताको कार्यान्वयनसँगै प्रशासनिक स्वरुपमा आएको परिवर्तनका कारण प्रादेशिक रुपमा आर्थिक गतिविधिको अध्ययन तथा आवश्यक सल्लाह प्रदान गर्नुपर्ने आवश्यकता महसुस भएकोले "आर्थिक गतिविधि तथा विशेष अध्ययन मार्गदर्शन-२०७०" परिमार्जन गरी "आर्थिक गतिविधि तथा विशेष अध्ययन मार्गदर्शन, २०७६" अनुसार अध्ययन प्रतिवेदन तयार पार्न थालिएको छ। उक्त मार्गदर्शनमा व्यवस्था भएअनुसार आर्थिक वर्ष २०७७/७८ देखि ७७ वटै जिल्लाहरूको आर्थिक तथा वित्तीय अवस्थालाई समेटी प्रादेशिक रुपमा प्रतिवेदन तयार गरी प्रकाशन गर्न शुरु गरिएको छ। उक्त मार्गदर्शनको व्यवस्था बमोजिम आर्थिक अनुसन्धान विभागले बागमती प्रदेशभित्रका १३ जिल्लाहरुलाई समेटी यो प्रादेशिक प्रतिवेदन तयार गरेको छ ।

स्थलगत सर्वेक्षण तथा विभिन्न स्रोतहरुबाट प्राप्त कृषि, उद्योग, सेवा, पूर्वाधार विकास लगायतका अर्थतन्त्रका प्रमुख क्षेत्रहरुको आर्थिक वर्ष २०७८/७९ को अर्ध-वार्षिक तथ्याङ्क जिल्लागत रुपमा संकलन/प्रशोधन गरी यो प्रतिवेदन तयार पारिएको छ। जिल्लास्थित विभिन्न सरकारी कार्यालय, क्षेत्रीय निर्देशनालय एवम् सम्बन्धित परियोजना/उद्योग प्रतिष्ठानबाट प्राप्त तथ्याङ्कका आधारमा जिल्लागत तथा प्रदेशको समग्र अवस्था प्रस्तुत गरिएको छ । सरोकारवाला निकाय/व्यक्ति तथा विषय विज्ञहरुबाट प्राप्त जानकारीहरु एवम् सर्वेक्षणकर्ताको विश्लेषण समेतका आधारमा क्षेत्रगत समस्या/चुनौती तथा बाँकी अवधिको परिदृश्य चित्रण गरिएको छ ।

प्रतिवेदन तयार पार्न सूचना तथा तथ्याङ्क उपलब्ध गराउनु हुने सरकारी तथा निजी क्षेत्रका कार्यालय एवम् संस्थाहरूप्रति आभार प्रकट गर्दछु । प्रतिवेदन तयार पार्न संयोजन गर्नु हुने निर्देशक श्री लक्ष्मी प्रसाद प्रसाईलाई विशेष धन्यवाद ज्ञापन गर्दछु। यसैगरी, यो प्रतिवेदन तयार पार्न संलग्न हुनु हुने आर्थिक विकास महाशाखाका उप-निर्देशकहरू श्री प्रेम प्रसाद आचार्य र श्री जयनारायण प्रधान, सहायक निर्देशक श्री प्रतिभा थापा, श्री उदयराज पौडेल र श्री एलिशा मानन्धर तथा सहायक श्री कुशल ढकाल समेत धन्यवादका पात्र हुनुहुन्छ ।

**डा. प्रकाश कुमार श्रेष्ठ**
**कार्यकारी निर्देशक**

# विषय-सूची


| | | पेज नं. |
|---|---|---|
| **सारांश** | | |
| **परिच्छेद १ :** | **अध्ययन परिचय** | |
| | १.१ पृष्ठभूमी | १ |
| | १.२ अध्ययनको उद्देश्य | १ |
| | १.३ अध्ययन विधि | १ |
| | १.४ अध्ययनको सीमा | १ |
| | १.५ अध्ययनको ढाँचा | २ |
| **परिच्छेद २ :** | **प्रदेशको तुलनात्मक स्थिति** | |
| | २.१ राष्ट्रिय अर्थतन्त्रमा प्रदेशको क्षेत्रगत हिस्सा | ३ |
| | २.२ अन्तरप्रदेश तुलना | ३ |
| | २.३ प्रादेशिक क्षमता, सम्भावना तथा चुनौती | ४ |
| **परिच्छेद ३ :** | **कृषि क्षेत्र** | |
| | ३.१ कृषि उपजले ढाकेको भू-क्षेत्र | ७ |
| | ३.२ कृषि उत्पादन | ८ |
| | ३.३ पशुपंक्षी, माछा तथा वनजन्य उत्पादन | ९ |
| | ३.४ सिँचाई | १० |
| | ३.५ क्षेत्रगत कृषि कर्जा | १३ |
| | ३.६ कृषि क्षेत्रका चुनौती र सम्भावना | १३ |
| **परिच्छेद ४ :** | **उद्योग क्षेत्र** | |
| | ४.१ उद्योगको क्षमता उपयोग र उत्पादन | १६ |
| | ४.२ क्षेत्रगत औद्योगिक कर्जा | १६ |
| | ४.३ औद्योगिक क्षेत्रका चुनौती र सम्भावना | १७ |
| **परिच्छेद ५ :** | **सेवा क्षेत्र** | |
| | ५.१ पर्यटन | १९ |
| | ५.२ सार्वजनिक निर्माण तथा रियलस्टेट | १९ |
| | ५.३ वित्तीय सेवा | २० |
| | ५.४ यातायात | २१ |
| | ५.५ सेवा क्षेत्र कर्जा | २१ |
| | ५.६ सहकारी | २१ |
| | ५.७ सरकारी वित्त | २२ |
| | ५.८ सेवा क्षेत्रको चुनौती र सम्भावना | २३ |
| **परिच्छेद ६ :** | **पूर्वाधार र रोजगारी** | |
| | ६.१ पूर्वाधार क्षेत्र | २४ |
| | ६.२ पूर्वाधार क्षेत्रका चुनौती र सम्भावना | २६ |
| | ६.३ रोजगारी | २७ |

**परिच्छेद ७ : आर्थिक परिदृष्य**

| | | |
|---|---|---|
| ७.१ | कृषि उत्पादन | २९ |
| ७.२ | औद्योगिक उत्पादन | २९ |
| ७.३ | सेवा क्षेत्र | २९ |
| ७.४ | पूर्वाधार क्षेत्र | २९ |

# सारांश

बागमती प्रदेशका १३ वटा जिल्लाहरुको स्थलगत तथा गैरस्थलगत सर्वेक्षणबाट प्राप्त तथ्याङ्क तथा सूचनाको आधारमा तयार गरिएको आर्थिक वर्ष २०७८/७९ को अर्ध-वार्षिक अध्ययन प्रतिवेदनको सार-संक्षेप निम्नानुसार प्रस्तुत गरिएको छ ।

## कृषि

१. समीक्षा अवधिमा खाद्य तथा अन्य बालीले ढाकेको भू-क्षेत्र र उत्पादन १.१ प्रतिशतले घटेको छ ।

२. प्रमुख खाद्यान्न बालीमध्ये समीक्षा अवधिमा धान उत्पादन ०.४ प्रतिशतले घटेको छ भने कोदो उत्पादन ०.१ प्रतिशत र फापर उत्पादन १५.० प्रतिशतले बढेको छ ।

३. समीक्षा अवधिमा तरकारी उत्पादन ०.२ प्रतिशतले बढेको छ। पशुजन्य उत्पादन अन्तर्गत दूध उत्पादन ७.० प्रतिशत र मासु उत्पादन ८.१ प्रतिशत र अण्डाको उत्पादन १.५ प्रतिशतले बढेको छ

४. समीक्षा अवधिमा यस प्रदेशमा बैंक तथा वित्तीय संस्थाहरुले कृषि, वन र माछापालन क्षेत्रमा रु.१ खर्ब ३ अर्ब कर्जा लगानी गरेका छन् जुन यस प्रदेशमा प्रवाहित कर्जाको ४.० प्रतिशत हुन आउँछ ।

## उद्योग

५. समीक्षा अवधिमा यस प्रदेशका अध्ययन नमूनामा समेटिएका उद्योगको क्षमता उपयोग औसतमा ४५.५ प्रतिशत रहेको छ । गत वर्षको सोही अवधिमा यस्ता उद्योगको क्षमता उपयोग औसतमा ४८.९१ प्रतिशत रहेको थियो ।

६. औद्योगिक उत्पादनमध्ये पश्मिना उत्पादन २.० प्रतिशत, रङ्ग उत्पादन १३.३ प्रतिशत र कपडाको जुत्ता उत्पादन ३४.१ प्रतिशतले बढेको छ भने प्रशोधित दूध उत्पादन ६.१ प्रतिशत, सिमेन्ट उत्पादन १७.४ प्रतिशत र चुरोट उत्पादन १७.१ प्रतिशतले घटेको छ ।

७. बैंक तथा वित्तीय संस्थाले यस प्रदेशमा प्रवाह गरेको औद्योगिक कर्जा कुल प्रवाहित कर्जाको ३७.४ प्रतिशत रहेको छ ।

## सेवा

८. समीक्षा अवधिमा यस प्रदेशमा पर्यटन क्षेत्रमा केही सुधार आएको देखिन्छ । अन्तर्राष्ट्रिय एवम् आन्तरिक पर्यटनमा कोभिड-१९ संक्रमणको प्रभाव कम भएसँगै सकारात्मक प्रभावका कारण पर्यटक आगमनको संख्या बढेको छ ।

९. घरजग्गा रजिष्ट्रेशन संख्या १४.९ प्रतिशतले बढेको छ भने रजिष्ट्रेशनबाट प्राप्त हुने राजस्व रु. १५ अर्ब ७५ करोड पुगेको छ ।

१०. बैंक तथा वित्तीय संस्थाले यस प्रदेशमा परिचालन गरेको निक्षेप २०७८ असार मसान्तको तुलनामा ५.१ प्रतिशतले र कर्जा प्रवाह १०.५ प्रतिशतले वृद्धि भएको छ । कर्जा-निक्षेप अनुपात औसतमा ७७.१ प्रतिशत रहेको छ ।

# परिच्छेद १: अध्ययन परिचय

## १.१ पृष्ठभूमि

मौद्रिक नीति तथा विदेशी विनिमय नीतिमार्फत् मूल्य स्थायित्व, वाह्य क्षेत्र स्थायित्व, समग्र वित्तीय क्षेत्र स्थायित्व तथा आर्थिक वृद्धिको लागि साधन सुनिश्चित गर्नु नेपाल राष्ट्र बैंकको उद्देश्यहरु रहेका छन्। बैंकले देशको आर्थिक गतिविधि सम्बन्धी अध्ययन गरी सोही बमोजिम आर्थिक नीति निर्माण गर्दै आएको छ। नेपाल राष्ट्र बैंकले समग्र तथा प्रादेशिक आर्थिक, वित्तीय तथा बाह्य क्षेत्रहरुका तथ्याङ्क संकलन गरी प्रतिवेदन प्रकाशन गर्दै आएको छ।

आर्थिक वर्ष २०६७/६८ देखि "नेपाल राष्ट्र बैङ्कका उपत्यका बाहिरका कार्यालयद्वारा सम्पादन गरिने अध्ययन-अनुसन्धान कार्यसम्बन्धी मार्गदर्शन, २०६७" अनुरुप देशका ४१ जिल्ला समेटी आर्थिक गतिविधि अध्ययन प्रतिवेदन तयार गर्ने गरेको थियो । आर्थिक वर्ष २०७०/७१ देखि देशका ४७ जिल्ला समेटी आर्थिक गतिविधि अध्ययन प्रतिवेदन तयार गर्न थालियो। आर्थिक वर्ष २०७३/७४ देखि १० जिल्ला थप गरी ५७ जिल्लाको आर्थिक गतिविधि अध्ययन प्रतिवेदन तयार पार्ने गरिएको थियो । देश संघीय संरचनामा गएपश्चात् आर्थिक गतिविधि अध्ययन प्रतिवेदनलाई संघीय संरचनाअनुरुप प्रकाशन गर्ने उद्देश्यले अर्थिक वर्ष २०७६/७७ देखि देशका ७ वटै प्रदेशका ७७ जिल्लालाई समावेश गरी एकीकृत र प्रादेशिक आर्थिक गतिविधि अध्ययन प्रतिवेदनहरु तयार गर्ने गरिएको छ। सो अनुसार बागमती प्रदेशको आर्थिक गतिविधि अध्ययनमा दोलखा, सिन्धुपाल्चोक, रसुवा, धादिङ, नुवाकोट, काठमाडौं, भक्तपुर, ललितपुर, काभ्रेपलाञ्चोक, रामेछाप, सिन्धुली, मकवानपुर र चितवन जिल्लाहरुका आर्थिक गतिविधिबारे विश्लेषण गरिएको छ।

## १.२ अध्ययनको उद्देश्य

यस अध्ययनको उद्देश्य प्रादेशिक संरचना अनुसार आर्थिक गतिविधि अध्ययन/विश्लेषण गर्ने र आर्थिक विश्लेषण तथा नीति तर्जुमाका लागि सूचना एंव तथ्याङ्कको दायरा विस्तार गर्ने रहेको छ। साथै, विभिन्न आर्थिक क्षेत्रहरुको स्थिति र यसमा भईरहेको परिवर्तनहरुलाई विश्लेषण गर्ने समेत यस अध्ययनको उद्देश्य रहेको छ।

## १.३ अध्ययन विधि

अर्ध वार्षिक आर्थिक गतिविधि अध्ययन प्रतिवेदन तयार गर्नका लागि आवश्यक पर्ने अधिकांश तथ्याङ्क तथा सूचना स्थलगत भ्रमण गरी संकलन गरिएको छ। कृषिसम्बन्धी तथ्याङ्क संघीय कृषि तथा पशुपन्छी विकास मन्त्रालय, प्रादेशिक भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय एवं मातहतका निर्देशनालय, कृषि ज्ञान केन्द्र, भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रबाट संकलन गरिएको छ। औद्योगिक उत्पादनसम्बन्धी तथ्याङ्क नमूना छनौटमा परेका उद्योगबाट स्थलगत भ्रमण गरी संकलन गरिएको छ भने बैंकिङ्ग तथ्याङ्क बैंक तथा वित्तीय संस्थाबाट संकलन गरिएको छ।

त्यसैगरी, पर्यटनसँग सम्बन्धित तथ्याङ्क होटल व्यवसायी संघ एवं नमूना छनौटमा परेका होटलहरुबाट, घरजग्गा नक्शापास तथ्याङ्क नगरपालिकाबाट, पूर्वाधारसम्बन्धी तथ्याङ्क अर्थ मन्त्रालय, राष्ट्रिय योजना आयोग तथा पूर्वाधार विकास कार्यालयहरुबाट संकलन गरिएको छ। स्थानीय सरकार, बैंक तथा वित्तीय संस्था एवं अन्य निजी/सार्वजनिक निकायबाट द्वितीय तथ्याङ्क संकलन गरिएको छ। तथ्याङ्क तथा सूचना संकलनको लागि इमेल, फ्याक्स, वेवसाइट, तथा टेलिफोनलगायत विद्युतीय माध्यमको समेत प्रयोग गरिएको छ।

## १.४ अध्ययनको सीमा

मुलुक संघीय संरचनामा गएपश्चात् कृषि, पूर्वाधार, शिक्षा, स्वास्थ्य एवं सञ्चार लगायतका तथ्याङ्कलाई व्यवस्थित गर्ने कार्य जारी रहेकाले यस सम्वन्धी तथ्याङ्क पूर्ण रुपमा संकलन गर्न कठिनाई रहेको स्थिति छ। कतिपय निजी उद्योग तथा प्रतिष्ठानहरुले तथ्याङ्क उपलव्ध गराउन हिच्किचाउने, समयमा नै उपलव्ध नगराउने र अपूर्ण तथ्याङ्क दिने गरेकोले यथार्थ आर्थिक स्थितिको चित्रण गर्न कठिनाई हुने गरेको स्थिति छ। त्यसैगरी, यस प्रतिवेदनको

लागि तथ्याङ्क संकलन गर्न जाने समयमा कोभिड-१९ को ओमिक्रोन भेरियन्टका कारण केही जिल्लाहरुमा स्थलगत तथ्याङ्क संकलनमा कठिनाई भएको थियो ।

## १.५ अध्ययनको ढाँचा

अध्ययनलाई ७ वटा परिच्छेदमा प्रस्तुत गरिएको छ । परिच्छेद १ मा अध्ययनको परिचय, परिच्छेद २ मा प्रदेशको तुलानात्मक स्थिति, परिच्छेद ३ मा कृषि, परिच्छेद ४ मा उद्योग, परिच्छेद ५ मा सेवा र परिच्छेद ६ मा पूर्वाधार र रोजगारीसँग सम्बन्धित तथ्याङ्क प्रस्तुत गरिएको छ । यसैगरी, परिच्छेद ७ मा आर्थिक परिदृश्य प्रस्तुत गरिएको छ ।

# परिच्छेद २ : प्रदेशको तुलनात्मक स्थिति

नेपाल सरकार, केन्द्रीय तथ्याङ्क विभागले आर्थिक वर्ष २०७८/७९ मा कुल गार्हस्थ्य उत्पादन (प्रचलित मूल्यमा) रु.४८ खर्ब ५१ अर्ब पुग्ने अनुमान गरेको छ । कुल गार्हस्थ्य उत्पादनमा कृषि, उद्योग र सेवा क्षेत्रको योगदान क्रमशः २३.९ प्रतिशत, १४.३ प्रतिशत र ६१.८ प्रतिशत रहने अनुमान छ ।

## २.१ राष्ट्रिय अर्थतन्त्रमा बागमती प्रदेशको क्षेत्रगत हिस्सा

केन्द्रीय तथ्याङ्क विभागको प्रारम्भिक तथ्याङ्क अनुसार आर्थिक वर्ष २०७८/७९ मा बागमती प्रदेशको आर्थिक वृद्धिदर ६.७ प्रतिशत रहने अनुमान छ। यस प्रदेशको कुल गार्हस्थ्य उत्पादन (प्रचलित मूल्यमा) रु.१७ खर्ब ९० अर्ब ६८ करोड पुग्ने अनुमान छ । समीक्षा वर्षमा यस प्रदेशको कुल गार्हस्थ्य उत्पादनमा कृषि, उद्योग र सेवा क्षेत्रको योगदान क्रमशः ११.१ प्रतिशत, १२.२ प्रतिशत र ७६.७ प्रतिशत रहने अनुमान छ। विभागको प्रारम्भिक तथ्याङ्क अनुसार समीक्षा वर्षमा मुलुकको समग्र कृषि, उद्योग र सेवा क्षेत्रमा बागमती प्रदेशको अंश क्रमशः १७.१ प्रतिशत, ३१.६ प्रतिशत र ४५.९ प्रतिशत रहने अनुमान छ।

## २.२ अन्तर प्रदेश तुलना

केन्द्रीय तथ्याङ्क विभागले सार्वजनिक गरेको प्रारम्भिक तथ्याङ्कका आधारमा प्रदेशहरुको समग्र आर्थिक अवस्था तुलना गर्दा आर्थिक वर्ष २०७८/७९ मा मुलुकको कुल गार्हस्थ्य उत्पादनमा बागमती प्रदेशको हिस्सा सबैभन्दा धेरै (३६.९ प्रतिशत) रहेको छ भने कर्णाली प्रदेशको हिस्सा सबैभन्दा कम (४.१ प्रतिशत) रहेको छ। वृहत आर्थिक वर्गीकरण अनुसार कृषि क्षेत्रको उत्पादनमा प्रदेश नं. १ को हिस्सा सबैभन्दा धेरै (२१.८ प्रतिशत) रहेको छ भने कर्णाली प्रदेशको हिस्सा सबैभन्दा कम (५.४ प्रतिशत) रहेको छ । उद्योग क्षेत्रको उत्पादनमा बागमती प्रदेशको हिस्सा सबैभन्दा बढी (३१.६ प्रतिशत) रहेको छ भने कर्णाली प्रदेशको हिस्सा सबैभन्दा कम (३.२ प्रतिशत) रहेको छ । यसैगरी, सेवा क्षेत्रको उत्पादनमा बागमती प्रदेशको हिस्सा सबैभन्दा बढी (४५.९ प्रतिशत) रहेको छ भने कर्णाली प्रदेशको हिस्सा सबैभन्दा कम (३.८ प्रतिशत) रहेको छ ।

**तालिका २.१: प्रादेशिक आर्थिक परिसूचकहरु**

**(आर्थिक वर्ष २०७८/७९)**

| आर्थिक परिसूचक/ प्रदेश | प्रदेश १ | मधेस प्रदेश | बागमती | गण्डकी | लुम्बिनी | कर्णाली | सुदूरपश्चिम | नेपाल |
|---|---|---|---|---|---|---|---|---|
| कुल गार्हस्थ्य उत्पादन (प्रचलित मूल्य, रु.अर्बमा) | ७६३.३ | ६४४.३ | १,७९०.७ | ४३१.८ | ६८४.९ | १९८.० | ३३८.७ | ४,८५१.६ |
| राष्ट्रिय उत्पादनमा अंश (प्रतिशत) | १५.७ | १३.३ | ३६.९ | ८.९ | १४.१ | ४.१ | ७.० | १००.० |
| आर्थिक वृद्धिदर (उत्पादकको मूल्यमा) (प्रतिशत) | ५.४ | ४.८ | ६.७ | ६.२ | ५.४ | ५.५ | ४.९ | ५.८ |
| कृषि क्षेत्रमा प्रदेशको अंश (प्रतिशत) | २१.८ | १९.० | १७.१ | ९.६ | १७.३ | ५.४ | ९.८ | १००.० |
| उद्योग क्षेत्रमा प्रदेशको अंश (प्रतिशत) | १९.६ | ११.२ | ३१.६ | ११.५ | १५.८ | ३.२ | ७.१ | १००.० |
| सेवा क्षेत्रमा प्रदेशको अंश (प्रतिशत) | १२.५ | ११.५ | ४५.९ | ८.० | १२.५ | ३.८ | ५.९ | १००.० |
| **कुल गार्हस्थ्य उत्पादनमा क्षेत्रगत योगदान (प्रतिशत)** | | | | | | | | |
| कृषि क्षेत्र | ३३.१ | ३४.३ | ११.१ | २६.० | २९.४ | ३१.५ | ३३.५ | २३.९ |
| उद्योग क्षेत्र | १७.८ | १२.१ | १२.२ | १८.४ | १६.० | ११.१ | १४.६ | १४.३ |
| सेवा क्षेत्र | ४९.१ | ५३.६ | ७६.७ | ५५.६ | ५४.६ | ५७.४ | ५१.८ | ६१.८ |

*स्रोत: केन्द्रीय तथ्याङ्क विभाग ।*

## २.३ प्रादेशिक क्षमता, सम्भावना तथा चुनौती

### २.३.१ प्रादेशिक क्षमता र सम्भावना

- राष्ट्रिय जनगणना २०७८ को प्रारम्भिक नतिजा अनुसार कुल जनसंख्याको २०.८४ प्रतिशत मानिसहरु बागमती प्रदेशमा बसोबास गर्दछन् । जसमध्ये ७७.३६ प्रतिशत शहरी क्षेत्रमा बसोबास गर्दछन् । यसर्थ, यस प्रदेशमा कृषि, शिक्षा, स्वास्थ्य, व्यापार, पूर्वाधार लगायतका क्षेत्रमा जनसांख्यिक लाभको उच्च सम्भावना रहेको छ ।
- बढ्दो शहरीकरण तथा महँगिदै गरेको इन्धन खर्चले यस प्रदेशमा इलेट्रिक सवारीसाधन, चार्जिङ स्टेसन, इन्डक्सन चुलो लगायतका आधुनिक पूर्वाधारहरुको व्यवसायिक सम्भावना उच्च रहको छ ।
- यस प्रदेशमा हिमाल, पहाड, उपत्यका र भित्री मधेश लगायतका क्षेत्रहरु रहेकोले विविधताको हिसाबले अन्य प्रदेशहरुभन्दा कृषि, पर्यटन र व्यापारमा तुलनात्मक लाभ रहको छ ।
- स्वास्थ्य, शिक्षा, इन्टरनेट र यातायात लगायतका आधारभूत पूर्वाधारमा अग्रणी स्थानमा रहेकोले यस प्रदेशलाई डिजिटल प्रदेशको रुपमा विकास गर्ने सम्भावना रहेको छ । साथै, अनलाइन व्यापार, फुड डेलिभरी, राइडसेरिङ लगायतका सेवामुलक व्यापारमा उच्च सम्भावना छ ।
- काठमाडौं उपत्यका, चितवन, काभ्रे, हेटौंडा लगायतका ठूला सहरहरुमा तरकारी, दुध, मासु र खाद्यान्नको माग अधिक रहेकोले नजिक रहेका जिल्लाहरु (मकवानपुर, धादिङ, चितवन, नुवाकोट, काभ्रे) मा तरकारी मासु र दुधको उत्पादन गर्न सकिने सम्भावना छ । यी जिल्लाहरुलाई सहुलियतपूर्ण कर्जा, कृषि बिमा, कोल्ड स्टोर जस्ता कृषक मैत्री कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयन गर्न सकिएको खण्डमा किसानको आय आर्जन बढ्ने, थप रोजगारी सिर्जना हुने तथा कृषि बस्तुको आयात समेत घटाउन सकिने सम्भावना रहेको छ ।
- अन्तर्राष्ट्रिय विमानस्थलको क्षमता अभिवृद्धि गरी व्यवस्थापनलाई अझ प्रभावकारी बनाउन सकेमा पर्यटन प्रवर्द्धनमा थप सहयोग हुने देखिन्छ ।
- काठमाडौं उपत्यका, चितवन, हेटौंडा जस्ता शहरहरुमा बढ्दो जनघनत्व, शहरीकरण र बजारीकरणको कारणले कार्यालय, भवन र खुला ठाँउको आवश्यकता बढ्दै गरेको परिप्रेक्ष्यमा निजी क्षेत्रको लगानीमा रियल स्टेट इन्भेष्टमेन्ट ट्रस्ट खडा गरी यस्ता ट्रष्टमार्फत ठूला व्यवसायिक भवनहरु, पार्क, अर्पामेन्ट निर्माण गरी रेन्टिङ्ग व्यवसाय विस्तार गर्न सकिने सम्भावना रहेको छ ।
- कृषि तथा पशुपालनमा प्रोत्साहनात्मक कार्यक्रम प्रभावकारीरुपमा संचालन गरी कृषि तथा पशुपालनमा आधुनिकीकरण, यान्त्रिकीकरण, व्यवसायीकरण र विविधीकरण गर्न सकिने उच्च सम्भावना रहेको छ ।
- जनघनत्व बढी रहेको शहरहरुमा एकीकृत सार्वजनिक यातायातको व्यवस्था गर्न सकिने सम्भावना रहेको छ ।
- गैर आवासीय नेपालीलाई विशेष कार्यक्रममार्फत कृषि, पर्यटन, सूचना प्रविधि, शिक्षा लगायतका पूर्वाधार लगानीमा प्रोत्साहन गर्न सके सेवा क्षेत्रमा थप विकासको सम्भावना रहेको छ ।
- भूमिबैंक व्यवस्थालाई कार्यान्वयनमा ल्याई बाँझो कृषि योग्य जमिन सरकारले भाडामा लिने र कृषकलाई लिजमा दिएर खाद्यान्न उत्पादन बढाउन सकिने सम्भावना रहेको छ ।

### २.३.२ प्रादेशिक चुनौती

- बढ्दो शहरीकरणका कारण बजारी क्षेत्रमा ट्राफिक व्यवस्थापन, ढल तथा फोहोर व्यवस्थापन, सडकको नियमित मर्मत सम्भार, अव्यवस्थित तार तथा होडिङ्ग बोर्ड व्यवस्थापन तथा सहरको मौलिकता तथा सौन्दर्य कायम राख्ने कार्य चुनौतीपूर्ण रहेको छ ।

- एकातिर सहरी क्षेत्रमा जनसंख्या वृद्धिले कृषियोग्य भूभागमा बस्ती बढ्दै जानु अर्को तर्फ पहाडी तथा हिमाली इलाकामा बसाईसराइका कारण जमिन बाँझो हुने प्रवृत्तिका कारण कृषिजोग्य जमिनको संरक्षण तथा उपयोगमा सन्तुलन मिलाउने कार्य चुनौतीपूर्ण रहेको छ ।
- उपत्यका तथा आसपासको क्षेत्रको जमिनको बढ्दो मूल्यले उद्योग स्थापना र सञ्चालन लागत बढ्ने र उत्पादित वस्तुले विदेशी वस्तुसँग प्रतिस्पर्धा गर्न कठिन हुने हुँदा जमिनको मूल्यमा स्थायित्व ल्याउने कार्य चुनौतीपूर्ण रहेको छ ।
- सिन्धुपाल्चोकको तातोपानी नाका तथा रसुवागढी नाकाबाट काठमाडौंसम्मको बाटो वर्षाको समयमा बाढी पहिरोका कारण बन्द हुने समस्या रहेकोले समयमै बाटोको मर्मत सम्भार गरी चुस्त दुरुस्त राख्न नसक्दा चीनसँगको व्यापार नियमित राख्ने कार्य चुनौतीपूर्ण रहेको छ ।

## बक्स १: बागमती प्रदेशको राष्ट्रिय जनगणना २०७८ को प्रारम्भिक नतिजा

राष्ट्रिय जनगणना २०७८ को प्रारम्भिक नतिजा अनुसार नेपालको जनसंख्या २,९१,९२,४८० रहेको छ । बागमती प्रदेशको जनसंख्या ६०,८४,०४२, घर परिवार संख्या १५,७५,०९७ रहेको छ । जुन २०६८ को जनगणना अनुसार बागमती प्रदेशको जनसंख्या ५५,२९,४५२ रहेको थियो । यस प्रदेशमा १० वर्षमा ५,५४,५९० (१०.०३ प्रतिशत) जनसंख्या थप भएको छ । यहाँको वार्षिक जनसंख्या वृद्धिदर ०.९२ प्रतिशत रहेको छ । बागमती प्रदेशमा ३०,३३,५७४ पुरुष र ३०,५०,४६८ महिला रहेका छन् । यहाँको लैङ्गिक अनुपात ९९.४५ प्रतिशत रहेको छ । जनगणना २०७८ मा प्रदेशगत रुपमा बागमती प्रदेशमा देशको कुल जनसंख्यामा दोस्रो ठूलो जनसंख्या (२०.८४ प्रतिशत) रहेको छ ।

| क्र.स. | जिल्ला | कुल जनसंख्या २०६८ | प्रारम्भिक जनसंख्या २०७८ (बागमती प्रदेश) | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | जनगणना घर संख्या | परिवार संख्या | जम्मा जनसंख्या | पुरुष | महिला | लैङ्गिक अनुपात | परिवारको औसत आकार | जनघनत्व प्रति वर्ग कि. मि. | वर्षिक जनसंख्या वृद्धिदर (%) |
| १ | दोलखा | १८६५५७ | ४७८७० | ५०६७६ | १७२७२६ | ८४११२ | ८८६१४ | ९४.९ | ३.४१ | ७९ | -०.७४ |
| २ | सिन्धुपाल्चोक | २८७७९८ | ६९७५१ | ७३०१० | २६२८५२ | १२९३९५ | १३३४५७ | ९७ | ३.६ | १०३ | -०.८७ |
| ३ | रसुवा | ४३३०० | ११३६२ | ११८४१ | ४५५५४ | २२८५९ | २२६९५ | १०१ | ३.८५ | ३० | ०.४९ |
| ४ | धादिङ | ३३६०६७ | ७८६६३ | ८४४६३ | ३२२७५१ | १५७२०७ | १६५५४४ | ९५ | ३.८२ | १६८ | -०.३९ |
| ५ | नुवाकोट | २७७४७१ | ६५७३४ | ६९१६० | २६२९८१ | १२८८४९ | १३४१३२ | ९६.१ | ३.८ | २३५ | -०.५१ |
| ६ | काठमाडौं | १७४४२४० | २७६०५४ | ५३८१६३ | २०१७५३२ | १०२५७२७ | ९९१८०५ | १०३ | ३.७५ | ५१०८ | १.४ |
| ७ | भक्तपुर | ३०४६५१ | ७०९४६ | १०८५५० | ४३०४०८ | २१७९४२ | २१२४६६ | १०३ | ३.७९ | ३६१७ | ३.३२ |
| ८ | ललितपुर | ४६८१३२ | ९७३९४ | १४१०१२ | ५४८४०१ | २७५५३७ | २७२८६४ | १०१ | ३.८९ | १४२४ | १.५२ |
| ९ | काभ्रेपलाञ्चोक | ३८१९३७ | ८३९३२ | ९३१८९ | ३६६८७९ | १८०९६७ | १८५९१२ | ९७.३ | ३.९४ | २६३ | -०.३९ |
| १० | रामेछाप | २०२६४६ | ४५०७३ | ४६९३५ | १७०६२० | ८०७७८ | ८९८४२ | ८९.९ | ३.६४ | ११० | -१.६५ |
| ११ | सिन्धुली | २९६१९२ | ६४६२९ | ६९४०९ | ३००११७ | १४७६५८ | १५२४५९ | ९६.९ | ४.३२ | १२० | ०.१३ |
| १२ | मकवानपुर | ४२०४७७ | ९६२१४ | १०६६०६ | ४६१०५३ | २२८४७२ | २३२५८१ | ९८.२ | ४.३२ | १९० | ०.८८ |
| १३ | चितवन | ५७९९८४ | १५३६६२ | १८२०८३ | ७२२१६८ | ३५४०७१ | ३६८०९७ | ९६.२ | ३.९७ | ३२६ | २.१ |
| **बागमती प्रदेश** | | **५५२९४५२** | **११६१२८४** | **१५७५०९७** | **६०८४०४२** | **३०३३५७४** | **३०५०४६८** | **९९** | **३.८६** | **३००** | **०.९२** |

राष्ट्रिय जनगणना २०७८ मा बागमती प्रदेशमा बि.सं.२०६८ को तुलनामा प्रति परिवार सदस्य संख्यामा कमी आएको देखिन्छ। बि.सं. २०६८ मा औसत परिवार सदस्य संख्या ४.३५ जना रहेकोमा बि.सं. २०७८ मा ३.८६ जना रहेको छ। त्यसै गरी बि.सं. २०६८ मा करिब १२.७१ लाख परिवार संख्या रहेकोमा बि.सं. २०७८ मा करिब १५ लाख ७५ हजार पुगेको छ। बागमती प्रदेशमा जम्मा कुल ३,९०,७४१ जना (१८.०१ प्रतिशत) विदेशमा बसोवास गर्ने गरेको देखिन्छ। काठमाडौं जिल्लामा सबैभन्दा बढी व्यक्ति परिवारमा अनुपस्थित रहेको देखिन्छ। बागमती प्रदेशमा अन्य प्रदेशको तुलनामा देशकै सबैभन्दा बढी शहरी जनसंख्या (७७.३६ प्रतिशत) रहेको छ। जुन नेपाल अधिराज्यभर (६६.०८ प्रतिशत) को तुलनामा करिब ११ प्रतिशत बढी हो। देशकै सबैभन्दा बढी जनसंख्या भएका ५ नगरपालिकाहरुमध्ये पहिलो, तेस्रो र चौथो क्रमशः काठमाडौं, भरतपुर र ललितपुर महानगरपालिका बागमती प्रदेशमा रहेका छन्। काठमाडौं महानगरपालिकाको जनसंख्या ८,४५,७६७ रहेको छ। बागमती प्रदेशमा रहेका नगरपालिकाहरुमध्ये सबैभन्दा कम जनसंख्या दोलखा जिल्लाको जिरी नगरपालिकामा रहेको छ। काठमाडौं जिल्लामा २०,१७,३५२ जनसंख्या रहेको छ। जसमध्ये पुरुष १०,२५,७२७ र महिला ९,९१,८०५ रहेका छन्। जुन जिल्लागत रुपमा देशकै सबैभन्दा धेरै जनसंख्या अर्थात् देशको कुल जनसंख्याको ६.९१ प्रतिशत हो। काठमाडौं जिल्लाको परिवारको औसत आकार ३.७५ र वार्षिक जनसंख्या वृद्धिदर १.४० प्रतिशत रहेको छ।

रामेछाप जिल्लामा वार्षिक जनसंख्या वृद्धिदर १.६५ प्रतिशतले ऋणात्मक रहेको छ भने भक्तपुर जिल्लामा देश कै सबैभन्दा बढी वार्षिक जनसंख्या वृद्धिदर ३.३२ प्रतिशत रहेको छ। जनघनत्वको हिसाबले बागमती प्रदेश देशकै दोस्रो स्थानमा रहेको छ। बि.सं. २०७८ मा ३०० जना प्रति वर्ग कि.मि.जनघनत्व रहेकोमा २०६८ मा २७३ जना प्रति वर्ग कि.मि.रहेको थियो। देशकै सबैभन्दा बढी जनघनत्व रहेका तीन जिल्लाहरु क्रमशः काठमाडौं (४,४१६ जना प्रति वर्ग कि.मि), भक्तपुर (२,५६० जना प्रति वर्ग कि.मि) र ललितपुर (१,२१६ जना प्रति वर्ग कि.मि) बागमती प्रदेशमा रहेका छन्।

*स्रोतः केन्द्रीय तथ्याङ्क विभाग ।*

# परिच्छेद ३: कृषि क्षेत्र


## ३.१ कृषि उपजले ढाकेको भू-क्षेत्र

आर्थिक वर्ष २०७८/७९ को पहिलो ६ महिनामा यस प्रदेशमा समग्र कृषि बालीले ढाकेको क्षेत्रफल ०.६ प्रतिशतले घटेको छ । गत वर्षको यसै अवधिमा यस्तो क्षेत्रफल १.५ प्रतिशतले बढेको थियो ।

**खाद्य तथा अन्यबाली** : आर्थिक वर्ष २०७८/७९ को पहिलो ६ महिनामा यस प्रदेशमा खाद्य तथा अन्य बालीले ढाकेको कुल क्षेत्रफल १.१ प्रतिशतले घटेको छ भने गत वर्ष यस्तो क्षेत्रफल १.८ प्रतिशतले बढेको थियो ।

समीक्षा अवधिमा धान बालीले ढाकेको क्षेत्रफल १.५ प्रतिशत र फापर बालीले ढाकेको क्षेत्रफल ८.५ प्रतिशतले बढेको छ भने कोदो बालीले ढाकेको क्षेत्रफल १.१ प्रतिशत, आलु बालीको ७.३ प्रतिशत, दलहन बालीको ७.२ प्रतिशत र तेलहन बालीको १.९ प्रतिशतले घटेको छ ।

**चार्ट १ : प्रमुख खाद्यान्न बालीहरुले ढाकेको क्षेत्रफल (हजार हेक्टरमा)**




*स्रोतः कृषि ज्ञान केन्द्रहरु, कृषि विकास निर्देशनालय ।*

**तरकारी** : समीक्षा अवधिमा तरकारी बालीले ढाकेको क्षेत्रफल ०.३ प्रतिशतले बढेको छ । गत वर्षको सोही अवधिमा उक्त क्षेत्रफल १.४ प्रतिशतले बढेको थियो ।

**फलफूल तथा मसला** : समीक्षा अवधिमा फलफूल तथा मसला बालीले ढाकेको क्षेत्रफल २.४ प्रतिशतले बढेको छ । गत वर्षको सोही अवधिमा यस्ता बालीहरुले ढाकेको क्षेत्रफल १.३ प्रतिशतले घटेको थियो ।

**तालिका ३.१: कृषि उपजले ढाकेको भू–क्षेत्र**

| जिल्ला | क्षेत्रफल (हेक्टर) | | | जिल्लागत हिस्सा (प्रतिशत) | | |
|---|---|---|---|---|---|---|
| | खाद्य तथा अन्य बाली | तरकारी बाली | फलफूल तथा मसला | खाद्य तथा अन्य बाली | तरकारी बाली | फलफूल तथा मसला |
| दोलखा | ९०६९ | १९४२ | १६३१ | ३.२ | ४.७ | ५.३ |
| सिन्धुपाल्चोक | ३३४२१ | ३१२१ | ३३६० | ११.७ | ७.५ | ११.० |
| रसुवा | २९११ | ३७० | ७७० | १.० | ०.९ | २.५ |
| धादिङ | २३४४६ | ७०६१ | २२११ | ८.२ | १७.१ | ७.२ |
| नुवाकोट | २८७०० | १६१३ | १८६१ | १०.० | ३.९ | ६.१ |
| काठमाडौं | १०८२५ | २१४६ | ७६३ | ३.८ | ५.२ | २.५ |
| भक्तपुर | ५७०८ | ३२६८ | २६६ | २.० | ७.९ | ०.९ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ललितपुर | ९११६ | ३१४५ | ४८० | ३.२ | ७.६ | १.६ |
| काभ्रेपलाञ्चोक | ३३९०७ | ९२७४ | ४५७७ | ११.८ | २२.४ | १५.० |
| रामेछाप | १८८९३ | ११०५ | ३१७४ | ६.६ | २.७ | १०.४ |
| सिन्धुली | ३७४४१ | ३२३३ | ६०२३ | १३.१ | ७.८ | १९.७ |
| मकवानपुर | २३५५१ | २१४० | १३२३ | ८.२ | ५.२ | ४.३ |
| चितवन | ४९३५४ | २९३१ | ४१५९ | १७.२ | ७.१ | १३.६ |
| **जम्मा** | **२८६३४२** | **४१३४९** | **३०५९८** | **१००.०** | **१००.०** | **१००.०** |


*स्रोतः कृषि ज्ञान केन्द्रहरु, कृषि विकास निर्देशनालय ।*

खाद्य तथा अन्य बालीले ढाकेको क्षेत्रफलमा चितवन जिल्लाको हिस्सा सबैभन्दा बढी (१७.२ प्रतिशत) र रसुवा जिल्लाको सबैभन्दा कम (१.० प्रतिशत) रहेको छ । तरकारी बालीले ढाकेको क्षेत्रफलमा काभ्रेपलाञ्चोक जिल्लाको हिस्सा सबैभन्दा बढी (२२.४ प्रतिशत) र रसुवा जिल्लाको हिस्सा सबैभन्दा कम (०.९ प्रतिशत) रहेको छ । यसैगरी, फलफूल तथा मसला बालीले ढाकेको क्षेत्रफलमा सिन्धुली जिल्लाको हिस्सा सबैभन्दा बढी (१९.७ प्रतिशत) र भक्तपुर जिल्लाको हिस्सा सबैभन्दा कम (०.९ प्रतिशत) रहेको छ (तालिका ३.१) ।

## ३.२ कृषि उत्पादन

समीक्षा अवधिमा यस प्रदेशमा समग्र कृषि बालीको उत्पादन ०.६ प्रतिशतले घटेको छ र खाद्य तथा अन्य बालीको उत्पादन १.१ प्रतिशतले घटेको छ । गत वर्षको सोही अवधिमा समग्र कृषि बालीको उत्पादन १.४ प्रतिशतले बढेको थियो र खाद्य तथा अन्य बालीको उत्पादन ०.९ प्रतिशतले बढेको थियो ।

**चार्ट २ : प्रमुख खाद्यान्न बालीहरुको उत्पादन स्थिति (मे.टनमा)**




*स्रोतः कृषि ज्ञान केन्द्रहरु, कृषि विकास निर्देशनालय ।*

**खाद्य तथा अन्य बाली** : समीक्षा अवधिमा कोदो उत्पादन ०.१ प्रतिशत, फापर उत्पादन १५.० प्रतिशत, उखु उत्पादन १.४ प्रतिशत, भटमास उत्पादन ०.१ प्रतिशत, दलहन उत्पादन १.६ प्रतिशत र तेलहन उत्पादन १.० प्रतिशतले बृद्धि भएको छ । समीक्षा अवधिमा धान उत्पादन ०.४ प्रतिशत र आलु उत्पादन १.९ प्रतिशतले घटेको छ । गत वर्षको सोही अवधिमा कोदो उत्पादन ०.७ प्रतिशत, फापर उत्पादन ४.७ प्रतिशत, आलु उत्पादन १.७ प्रतिशत, भटमास उत्पादन ०.१ प्रतिशत र दलहन उत्पादन १.४ प्रतिशतले बढेको थियो भने धान उत्पादन ०.१ प्रतिशत र तेलहन उत्पादन १.१ प्रतिशतले घटेको थियो ।

**तरकारी** : समीक्षा अवधिमा तरकारीको उत्पादन ०.२ प्रतिशतले बढेको छ । गत वर्षको सोही अवधिमा तरकारी उत्पादन २.२ प्रतिशतले बढेको थियो ।

**फलफूल तथा मसला :** समीक्षा अवधिमा फलफूल तथा मसलाको समग्र उत्पादन ०.३ प्रतिशतले बढेको छ। केरा उत्पादन १.१ प्रतिशत, मसलाको उत्पादन ०.९ प्रतिशत, चिया उत्पादन ०.४ प्रतिशत, कफी उत्पादन ०.२ प्रतिशतले र अन्य फलफूलको उत्पादन ०.४ प्रतिशतले बढेको छ भने सुन्तला उत्पादन ०.६ प्रतिशत र आँपको उत्पादन ०.५ प्रतिशतले घटेको छ। गत वर्षको सोही अवधिमा केरा उत्पादन ०.२ प्रतिशत, स्याउ उत्पादन ०.५ प्रतिशत, अन्य फलफूल ०.४ प्रतिशत, मसला उत्पादन ०.९ प्रतिशत, चिया उत्पादन ०.१ प्रतिशत र कफी उत्पादन १.७ प्रतिशतले बढेको थियो भने सुन्तला उत्पादन ०.७ प्रतिशतले घटेको थियो।

**तालिका ३.२: कृषि बालीको उत्पादन**

| जिल्ला | उत्पादन (मेट्रिक टन) | | | जिल्लागत हिस्सा (प्रतिशत) | | |
|---|---|---|---|---|---|---|
| | खाद्य तथा अन्य बाली | तरकारी बाली | फलफूल तथा मसला | खाद्य तथा अन्य बाली | तरकारी बाली | फलफूल तथा मसला |
| दोलखा | ७०५०५ | २६०४८ | ९०६२ | ५.४ | ४.० | ४.६ |
| सिन्धुपाल्चोक | ७६०१७ | ३३३२० | २३४९४ | ५.८ | ५.१ | ११.९ |
| रसुवा | ४७१५९ | ३३१७ | ४१०६ | ३.६ | ०.५ | २.१ |
| धादिङ | ९४७१२ | ८८७०० | २१२७२ | ७.२ | १३.५ | १०.८ |
| नुवाकोट | १५४२९४ | २११०९ | १३५४३ | ११.८ | ३.२ | ६.८ |
| काठमाडौं | ८४८९९ | ६५४९६ | ५९९२ | ६.५ | १०.० | ३.० |
| भक्तपुर | ४३३९८ | ६८४३२ | २७२७ | ३.३ | १०.४ | १.४ |
| ललितपुर | ४२९१३ | ७०५४२ | ३५६० | ३.३ | १०.८ | १.८ |
| काभ्रेपलाञ्चोक | २५३८६२ | १७०६२३ | २५८०० | १९.४ | २६.० | १३.० |
| रामेछाप | ६८९५० | १२५३६ | २१४१५ | ५.३ | १.९ | १०.८ |
| सिन्धुली | ९८७३६ | १५७२२ | ३३९९६ | ७.५ | २.४ | १७.२ |
| मकवानपुर | १२८०८९ | ३८३८४ | ४९४० | ९.८ | ५.९ | २.५ |
| चितवन | १४५५५७ | ४०९०० | २७८६१ | ११.१ | ६.२ | १४.१ |
| **जम्मा** | **१३०९०९१** | **६५५१२९** | **१९७७६७** | **१००.०** | **१००.०** | **१००.०** |

*स्रोत: कृषि ज्ञान केन्द्रहरु, कृषि विकास निर्देशनालय।*

खाद्य तथा अन्य बालीको उत्पादनमा काभ्रेपलाञ्चोक जिल्लाको हिस्सा सबैभन्दा बढी (१९.४ प्रतिशत) र भक्तपुर र ललितपुर जिल्लाको हिस्सा सबैभन्दा कम (३.३ प्रतिशत) रहेको छ। तरकारी तथा बागवानी उत्पादनमा काभ्रेपलाञ्चोक जिल्लाको हिस्सा सबैभन्दा बढी (२६.० प्रतिशत) र रसुवा जिल्लाको हिस्सा सबैभन्दा कम (०.५ प्रतिशत) रहेको छ। यसैगरी, फलफूल तथा मसला बालीको उत्पादनमा सिन्धुली जिल्लाको हिस्सा सबैभन्दा बढी (१७.२ प्रतिशत) रहेको छ भने भक्तपुर जिल्लाको हिस्सा सबैभन्दा कम (१.४ प्रतिशत) रहेको छ (तालिका ३.२)।

## ३.३ पशुपन्छी, माछा तथा वनजन्य उत्पादन

**पशुपन्छी उत्पादन :** समीक्षा अवधिमा छाला उत्पादन ०.७ प्रतिशत, दूध उत्पादन ७.० प्रतिशत, मासु उत्पादन ८.१ प्रतिशत र अण्डा उत्पादन १.५ प्रतिशतले बढेको छ। गत वर्षको सोही अवधिमा दूध उत्पादन ४.० प्रतिशत, मासु उत्पादन १५.३ प्रतिशत, छाला उत्पादन २३.२ प्रतिशतले बढेको थियो भने अण्डा उत्पादन ५.१ प्रतिशत र ऊन उत्पादन १.२ प्रतिशतले घटेको थियो।

**माछा उत्पादन :** समीक्षा अवधिमा माछा उत्पादन ०.३ प्रतिशतले बढेको छ। गत वर्षको सोही अवधिमा माछा उत्पादन ७.७ प्रतिशतले घटेको थियो।

**वनजन्य उत्पादन :** समीक्षा अवधिमा वनजन्य उत्पादनतर्फ काठ उत्पादन ३५.८ प्रतिशत र दाउरा उत्पादन ३४.७ प्रतिशतले बढेको छ । गत वर्षको सोही अवधिमा दाउरा उत्पादन ४९.१ प्रतिशतले वृद्धि भएको थियो भने काठ उत्पादन २९.१ प्रतिशतले घटेको थियो ।

**तालिका ३.३: प्रमुख पशुपन्छीजन्य उत्पादन**

| जिल्ला | उत्पादन | | | | जिल्लागत हिस्सा (प्रतिशत) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | दूध (हजार लिटर) | मासु (मे.टन) | अण्डा (हजार गोटा) | माछापालन (मे.टन) | दूध | मासु | अण्डा | माछापालन |
| दोलखा | १७९२७ | १८२४ | ८५९२९ | २० | ४.९ | ३.३ | २४.७ | ०.४ |
| सिन्धुपाल्चोक | २३१२१ | २८२३ | १३१९५ | ३० | ६.३ | ५.१ | ३.८ | ०.६ |
| रसुवा | ५०७९ | ८४५ | १८६ | ६ | १.४ | १.५ | ०.१ | ०.१ |
| धादिङ | ५४०० | १३२३ | ४७२ | २३ | १.५ | २.४ | ०.१ | ०.५ |
| नुवाकोट | १३६०२ | ८६३२ | २५३८ | ५३ | ३.७ | १५.६ | ०.७ | १.१ |
| काठमाडौं | ४३४६४ | १०२७ | ४१४४५ | ३० | ११.९ | १.९ | ११.९ | ०.६ |
| भक्तपुर | १२२०३ | १०४० | ७४०४ | ४४ | ३.३ | १.९ | २.१ | ०.९ |
| ललितपुर | ४५८०८ | १४१२ | ६९७३५ | ३५ | १२.६ | २.५ | २०.१ | ०.७ |
| काभ्रेपलाञ्चोक | ७३०८८ | १०३२४ | १२१५५ | ४१ | २०.१ | १८.६ | ३.५ | ०.९ |
| रामेछाप | १८३७८ | ३७५२ | ११९२४ | १३ | ५.० | ६.८ | ३.४ | ०.३ |
| सिन्धुली | २०५३६ | ५४७३ | ११९२ | २०.२६ | ५.६ | ९.९ | ०.३ | ०.४ |
| मकवानपुर | ३१०४६ | ३४७९ | ६०३९ | ११४ | ८.५ | ६.३ | १.७ | २.४ |
| चितवन | ५४७५० | १३४७१ | ९५२८८ | ४२९५ | १५.० | २४.३ | २७.४ | ९०.९ |
| **जम्मा** | **३६४४००** | **५५४२५** | **३४७५०१** | **४७२३** | **१००.०** | **१००.०** | **१००.०** | **१००.०** |


*स्रोत: कृषि तथा पशुपन्छी विकास मन्त्रालय, भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रहरु ।*

काभ्रेपलाञ्चोक जिल्लामा सबैभन्दा बढी (२०.१ प्रतिशत) दूध उत्पादन भएको छ भने रसुवा जिल्लामा सबैभन्दा कम (१.४ प्रतिशत) दूध उत्पादन भएको छ । मासु उत्पादनमा चितवन जिल्लाको हिस्सा सबैभन्दा बढी (२४.३ प्रतिशत) र रसुवा जिल्लाको हिस्सा सबैभन्दा कम (१.५ प्रतिशत) रहेको छ । अण्डा उत्पादनमा चितवन जिल्लाको हिस्सा सबैभन्दा बढी (३०.४ प्रतिशत) र रसुवा जिल्लाको हिस्सा सबैभन्दा कम (०.१ प्रतिशत) रहेको छ । यसैगरी, माछा उत्पादनमा चितवन जिल्लाको हिस्सा सबैभन्दा बढी (९०.९ प्रतिशत) र रसुवा जिल्लाको हिस्सा सबैभन्दा कम (०.१ प्रतिशत) रहेको छ (तालिका ३.३) ।

## ३.४ सिँचाई

समीक्षा अवधिमा यस प्रदेशको कुल खेती गरिएको ४ लाख २६ हजार ८२ हेक्टर क्षेत्रफलमध्ये १ लाख १० हजार ५ सय ८३ हेक्टर क्षेत्रफलमा सिँचाई सुविधा पुगेको छ । यस प्रदेशमा कुल खेती गरिएको क्षेत्रफलमा २६.० प्रतिशत क्षेत्रफलमा सिँचाई सुविधा पुगेको छ ।

**चार्ट ३ : सिँचाई क्षेत्रमा भएको विस्तार (हजार हेक्टरमा)**




*स्रोत: जिल्लास्थित जलस्रोत तथा सिंचाई विकास डिभिजन कार्यालय।*

समीक्षा अवधिमा यस प्रदेशको कुल सिञ्चित क्षेत्रफल २.२ प्रतिशतले वृद्धि भएको छ। गत वर्षको सोही अवधिमा सिञ्चित क्षेत्रफल १.४ प्रतिशतले बढेको थियो। कुलोद्वारा सिँचित क्षेत्रफल २.० प्रतिशतले र नहरद्वारा सिँचित क्षेत्रफल ०.६ प्रतिशतले वृद्धि भएको छ। गत वर्षको सोही अवधिमा कुलोद्वारा सिञ्चित क्षेत्रफल १.१ प्रतिशत र नहरद्वारा सिँचित क्षेत्रफल ३.१ प्रतिशतले बढेको थियो।

## बक्स-२ : सहुलियतपूर्ण कर्जाको उपयोगका केही उदाहरण

आर्थिक वर्ष २०७८/७९ को अर्ध-वार्षिक आर्थिक गतिविधि अध्ययन तथा आर्थिक वर्ष २०७९/८० को पूर्व बजेटकालीन अध्ययन सर्वेक्षणका क्रममा बागमती प्रदेशका धादिङ, चितवन र मकवानपुर जिल्लाका विभिन्न स्थानहरुको स्थलगत अवलोकन सर्वेक्षण गरिएको थियो । यस क्रममा सहुलियतपूर्ण कर्जामा व्याज अनुदान सम्बन्धी व्यवस्थाको उपयोग के कस्तो भएको छ भन्ने विषयमा पनि सर्वेक्षण गर्दा श्री शुभारम्ब कृषि पशुपन्छी फर्म, निलकण्ठ ७, निबुवास्वाँरा, हिटी, धादिङले गरेको कालिज फर्म, निलकण्ठ २ धादिङ बसाहमा रहेको श्री Dream Garden कृषि फर्म र मकवानपुर जिल्लाको हेटौँडा १३, पदमपोखरीमा श्री MSN Agro Pvt. Ltd. (Migma, Sumitra & Ninchhen) फर्महरुमा गई गरिएको स्थलगत अवलोकन सान्दर्भिक देखिएकोले उक्त फर्महरुको विवरण समेटिएको छ ।

२०७५ सालमा श्री शुभारम्ब कृषि पशुपन्छी फर्मको स्थापना गरी कालिज पालन व्यवसाय सुरु गरिएको देखिन्छ । स्थापना गर्ने प्रोपाइटरको भनाइ बमोजिम उक्त कालिज फर्म कालिज फर्महरुमध्येमा धादिङ जिल्लाको पहिलो तथा नेपालकै तेस्रो कालिज फर्मका रुपमा रहेको बुझिन्छ । फर्ममा कुल लगानी करिब रु.१ करोड रहेको छ । उक्त व्यवसाय सञ्चालन गर्नका लागि फर्मले वाणिज्य बैंकबाट रु.५० लाखको सहुलियतपूर्ण कृषि कर्जा सुविधा उपयोग गरेको छ । फर्मको आफ्नै नाममा रहेको ११ रोपनी जग्गामा व्यवसाय सञ्चालन गरिएको देखिन्छ । व्यवसाय स्थापनाको समयमा इटालीबाट २५० वटा अण्डा नेपाल ल्याएर ह्याचिङ्ग गरिएको थियो । फर्मले चाइनाबाट ह्याचिङ्ग मेसिनको पार्टसहरु पैठारीमार्फत नेपालमै एसेम्बल गरी ह्याचिङ्ग मेसिन सञ्चालन गरेको छ । उक्त ह्याचिङ्ग मेसिनको कुल लागत रु.९ लाख रहेको छ । हाल कालिज फर्मको कुल क्षमता ५००० रहेको छ र भविष्यमा अझै क्षमता अभिवृद्धि गर्ने योजना रहेको देखिन्छ । हालसम्मको स्थितिमा हेर्दा फर्मले २०७७ सालमा १००० वटा कालिज बिक्री गर्न सफल भएको थियो र बिक्रीबाट भएको आम्दानी फर्मले पुनः लगानी गरेको देखिन्छ । हाल धादिङ जिल्लामा २ देखि ३ वटा साना स्केलका (२५० क्षमता) कालिज फर्महरु सञ्चालनमा रहेका छन् । धादिङ जिल्लामा रहेका यी साना स्केलका कालिज फर्महरु थप लगानीको अभावमा व्यवसाय निरन्तरता दिन नसक्ने अवस्थामा रहेकोले श्री शुभारम्भ कृषि पशुपन्छी फर्मसँग मर्जगर्नेगरी पहल भैरहेको जानकारी रहेको छ । यस फर्ममा प्रत्यक्ष ४ जनाले रोजगारी पाइरहेको अवस्था छ । कालिजको मासुको माग बजारमा राम्रो रहेको तर माग अनुसारको आपूर्ति हुन नसकिरहेको अवस्था देखिन्छ । यस किसिमको कृषि फर्म व्यवसायिक रुपमा सञ्चालन गर्न रहेका चुनौतीहरुमध्ये कालिज पालनका लागि छुटै नीति नहुनु, व्यवसायिक उत्पादनका लागि थप प्रोत्साहनको व्यवस्था नहुनु, कृषकलाई उद्यमशीलताको लागि व्यवसायिक तालिमको व्यवस्था नहुनु, कालिजको मासु भण्डारणका लागि कोल्ड स्टोरेज तथा मासु प्रशोधन गर्ने व्यवस्था नहुनु आदि रहेका छन् ।

श्री Dream Garden कृषि फर्मको स्थापनामार्फत प्रोपाइटरले फलफुल तथा तरकारी उत्पादन व्यवसाय सुरु गरेको देखिन्छ । उक्त फर्मले २०७० देखि आँप, लिची, सुन्तला, एभोकाडो, कागती लगायतका फलफुल र २०७६ सालदेखि गोलभेंडा टनेलको व्यवसाय सञ्चालन गर्दै आएको छ । फर्मले २०७४ सालदेखि देखि ५००० क्षमता भएको कुखुरा फर्म सञ्चालन गरिरहेको छ । फर्मले आफ्नै नाममा रहेको १३ रोपनी जग्गामा व्यवसाय सञ्चालन गरिरहेको छ । उक्त व्यवसाय सञ्चालन गर्नका लागि फर्मले कृषि ज्ञान केन्द्रबाट रु.२ लाख ५० हजार अनुदान तथा २०७४ मा आफ्नै जग्गा धितो राखी महिला सहुलियतपूर्ण कर्जा उपयोग गरेको छ । फर्मले वार्षिक रुपमा ८ देखि १० लाखको तरकारी बिक्री गर्ने गरेको छ । व्यवसाय सञ्चालर्कले २०७८ मंसिरमा राष्ट्रपतिबाट उत्कृष्ट कृषक पुरस्कार पनि प्राप्त गर्नुभएको थियो । भविष्यमा फर्मको Organic Restaurant खोल्ने योजना रहेको छ । हाल यस फर्मले नियमित रुपमा ३ जनालाई प्रत्यक्ष रोजगारी प्रदान गरेको छ ।

२०७४ सालमा श्री MSN Agro Pvt. Ltd. (Migma, Sumitra & Ninchhen) फर्मको स्थापनामार्फत बाखा पालन, फलफुल तथा तरकारी उत्पादन व्यवसाय सुरु गरिएको देखिन्छ । फर्मले २०७४ देखि बाखा पालन र २०७६ देखि Dragon Fruits, मेवा, खरभुजा लगायतका फलफुल र अन्य तरकारी उत्पादन गरी व्यवसाय सञ्चालन गरिरहेको छ । फर्मले जग्गा लिजमा लिएर व्यवसाय सञ्चालन गरिरहेको छ । उक्त व्यवसाय सञ्चालन गर्नका लागि फर्मले रु.१ करोडको सहुलियतपूर्ण कर्जा उपयोग गरेको छ । फर्मको कुल लगानी करिब रु.२ करोड रहेको छ । फर्मले रु.२०० प्रति गोटाका दरले Dragon Fruit को बिरुवा बिक्री गरिरहेको छ । वि.स.२०७७ मा यस फर्मले रु.१० लाखको खरभुजा तथा रु.२ लाखको Dragon Fruit बिक्री गर्न सफल भएको देखिन्छ । २०७८ मा फर्मबाट करिब रु.२० लाखको खरभुजा बिक्री भएको छ । खरभुजा, मेवा र Dragon Fruits का लागि हेटौँडा भाटभटेनी सुपरमार्केटबाट माग आउने गरेको र खसी बोका खरिदका लागि हेटौँडा लगायतका अन्य स्थानवाट समेत व्यापरीहरु फर्ममा नै आउने गरेको जानकारी सञ्चालकबाट प्राप्त भएको छ । फर्मले फलफुलको बोट र बाखाको बिमा पनि गरेको देखिन्छ । यो कृषि फर्म सञ्चालन गर्न केही चुनौतीहरु रहेका छन् । जसमध्ये उन्नत प्रकारका फलफुलका बेर्ना-बिरुवा बिक्री वितरण गर्ने नेपाल सरकारबाट स्वीकृतप्राप्त आधिकारिक बिक्रेता नभएकोले भारतबाट खरिदगरी ल्याउनुपर्ने अवस्था रहेको छ । फलफुल तथा तरकारीमा लागेका फूल तथा चिचिला हावाहुरी र असिनापानीले झारिदिने जोखिम व्यवस्थापनको चुनौती पनि रहेको छ ।

*स्रोतः स्थलगत सर्वेक्षण ।*

## ३.५ क्षेत्रगत कृषि कर्जा

समीक्षा अवधिमा बैंक तथा वित्तीय संस्थाबाट यस प्रदेशको कृषि क्षेत्रमा प्रवाहित कर्जा ३.३ प्रतिशतले वृद्धि भई रु.१ खर्ब ३ अर्ब ४१ करोड पुगेको छ। गत वर्षको सोही अवधिमा यस्तो कर्जा २०.२ प्रतिशतले वृद्धि भएको थियो। यस क्षेत्रमा बैंक तथा वित्तीय संस्थाले ४.० प्रतिशत कर्जा कृषि क्षेत्रमा प्रवाह गरेका छन्।

कृषि क्षेत्रमा प्रवाहित कर्जामा काठमाडौं जिल्लाको अंश ४०.४ प्रतिशत, चितवन जिल्लाको अंश २९.९ प्रतिशत, मकवानपुर जिल्लाको अंश ६.४ प्रतिशत, काभ्रेपलाञ्चोक जिल्लाको अंश ५.१ प्रतिशत, धादिङ जिल्लाको अंश ४.० प्रतिशत, नुवाकोट जिल्लाको अंश ३.७ प्रतिशत, ललितपुर जिल्लाको अंश ३.१ प्रतिशत, भक्तपुर जिल्लाको अंश २.४ प्रतिशत, सिन्धुली जिल्लाको अंश १.८ प्रतिशत, सिन्धुपाल्चोक जल्लाको अंश १.२ प्रतिशत, दोलखा जिल्लाको अंश ०.७ प्रतिशत, रामेछाप जिल्लाको अंश ०.६ प्रतिशत र रसुवा जल्लाको अंश ०.६ प्रतिशत रहेको छ (तालिका ३.४)।

**तालिका ३.४ : जिल्लागत कृषि कर्जा**

(रु.करोडमा)

| जिल्ला | कृषि कर्जा | हिस्सा (प्रतिशत) |
|---|---|---|
| दोलखा | ७५.२१ | ०.७ |
| सिन्धुपाल्चोक | १२९.१३ | १.२ |
| रसुवा | ५८.९९ | ०.६ |
| धादिङ | ४०८.५१ | ४.० |
| नुवाकोट | ३८७.१२ | ३.७ |
| काठमाडौं | ४१७३.२० | ४०.४ |
| भक्तपुर | २५१.३६ | २.४ |
| ललितपुर | ३१६.५९ | ३.१ |
| काभ्रेपलाञ्चोक | ५२८.९२ | ५.१ |
| रामेछाप | ६३.५३ | ०.६ |
| सिन्धुली | १९०.२७ | १.८ |
| मकवानपुर | ६६५.८६ | ६.४ |
| चितवन | ३०९२.४९ | २९.९ |
| **जम्मा** | **१०३४१.१८** | **१००.०** |

*स्रोतः नेपाल राष्ट्र बैंक।*

## ३.६ कृषि क्षेत्रका चुनौती र सम्भावना

### ३.६.१ चुनौती

- पहाडी तथा भित्री मधेशमा पशु तथा बालीनालीमा लाग्ने जेनेटिक तथा महामारी रोगको व्यवस्थापन गर्न प्राविधिक जनशक्ति, औषधि भ्याक्सिन तथा कृषकसँग समन्वय गर्ने संयन्त्र नहुनु।
- पहाडी क्षेत्रमा वर्षैपिच्छे आउने बाढी, पहिरो लगायतका प्राकृतिक प्रकोपका कारण बालीनाली, पशुचौपाया तथा कृषियोग्य भू-भागमा क्षति पुग्ने र बाटो बिग्रिन गएर उत्पादित वस्तुको ढुवानी असहज हुने भएकोले यसलाई न्यूनीकरण गरी कृषकलाई हुने नोक्सानीलाई कम गर्नु।
- कृषि तथा पशुसँग सम्बन्धित तथ्याङ्क संकलन गर्ने निकायहरुको स्रोत र साधनको व्यवस्थापन गरी एकद्वार प्रणालीमार्फत तथ्याङ्क उपलब्ध गर्न आवश्यक सफ्टवेयर तथा संयन्त्र विकास गर्नु।

- कृषि पूर्वाधारको विकास, कृषि तथा भेटनरी प्राविधिकको सहज उपलब्धता एवम् कृषकदेखि उपभोक्तासम्मको आपूर्ति श्रृंखलालाई प्रभावकारी बनाउनु ।
- राष्ट्रिय निकुञ्ज नजिकका वन्यजन्तुबाट समय समयमा कृषिबाली तथा घरायसी पशुलाई क्षतिको पुग्ने भएकोले तथा उपलब्ध गराइएको राहत न्यून भएकोले समय सापेक्ष राहत पुऱ्याउनु ।
- पराल, गोबर तथा मलको व्यवस्थापन, व्यवस्थित चरणक्षेत्र, उन्नत जातको घाँस लगायत कृषकलाई अत्यावश्यक पर्ने सामाग्रीको मूल्य निर्धारण गरी सहज उपलब्ध गराउनु ।
- कृषि वाली विमाको क्षतिपूर्ति सहज र समयमै उपलब्ध नभएकोले विमा कम्पनीहरुमार्फत नै कृषि विमा सहजकर्ताको व्यवस्था गरी क्षतिपूर्ति सहज रुपमा समयमा नै पाउने व्यवस्था मिलाउनु । साथै, फलफुलको बिरुवाको खरिद मूल्यको आधारमा हुने तर बोटबिरुवा बढेपनि विमित रकम नबढ्ने हुँदा बिरुवा नष्ट हुँदा पनि बोटबिरुवाको उचित मूल्य प्राप्त हुन नसक्नु ।
- व्यवसायिक कृषि फार्महरुलाई उन्नत प्रकारको फलफुल तथा तरकारीका विउ विरुवाको पर्याप्त उपलब्धता देशभित्र नभएकोले भारत हुदै भित्रने अनधिकृत आयात रोकी देशभित्रै सहज रुपमा त्यस्ता विउ तथा विरुवाहरुको उपलब्ध गराउनु ।
- माटो सुहाँउदो बाली खेतीका लागी माटोको जाँच गरी जमिनको वर्गिकरण, माटोको प्रकार अनुसारको मल तथा बिउबिजन र आवश्यकता अनुसार प्राविधिक सहयोग पुऱ्याएर जमिनको उत्पादकत्व वृद्धि गर्नु ।
- आवश्यकता अनुसारको कृषि तथा भेटनरी शिक्षाको विकास गरी आगामी पुस्तालाई यस पेशातर्फ आकर्षित गर्नु ।

### ३.६.२ सम्भावना

- कृषि बालीमा सीमित रहेको न्यूनतम सर्मथन मूल्यको अवधारणा नगदे बालीमा पनि कायम गर्न सकिएको खण्डमा काठमाडौं, भक्तपुर, ललितपुर, चितवन, हेटौंडा लगायतका ठूला बजारमा उत्पादनको उचित मूल्य र बजार सुनिश्चिता गर्ने सम्भावना रहेको छ ।
- भौगोलिक विविधता तथा तुलनात्मक रुपमा ठूला बजारमा पहुँच भएको कारण यस प्रदेशमा पुष्प खेतीको लागि उच्च सम्भावना रहेको छ ।
- दूध, माछा-मासु, अण्डा आदिमा योगदानको आधारमा अनुदानको व्यवस्था गर्नसकिएको खण्डमा एकातिर उत्पादकत्व अभिवृद्धि हुन्छ भने अर्कोतिर व्यवसायिक सुनिश्चितताको वातावरण सृजना हुन्छ ।
- यस प्रदेशको भित्री मधेश र बेँसी क्षेत्रमा धान, मकै र गहुँ तथा पहाडी र हिमाली क्षेत्रमा मकै, कोदो, जौ र आलु बढी उत्पादन हुने गरेकोले Cornflakes, Chips, Wheatflakes, Pancake जस्ता बजारमा धेरै उपभोग हुने तर थोरै लागतमा उत्पादन गर्न सकिने उद्योग स्थापना गर्ने सम्भावना रहेको छ ।

## बक्स ३: बागमती प्रदेश सरकार अन्तर्गत सञ्चालित कार्यक्रम/आयोजनाहरु

### १. एकीकृत कृषि मोडल फार्म विकास तथा विस्तार कार्यक्रम

आधुनिक कृषि प्रणाली अवलम्बन गर्दै उत्पादन र उत्पादकत्व वृद्धि गर्ने, खेतीयोग्य जमिन एकिकृत गरी व्यवसायिक कृषि प्रणालीका आधारहरु विकास गर्ने, कृषि क्षेत्रमा लगानी बढाई व्यवसायिकता तथा उद्यमशीलता विकास गर्ने, कृषि तालिम तथा स्रोत केन्द्र विकास गर्ने, वैदेशिक रोजगारीबाट फर्केका र बेरोजगार युवालाई कृषिमा आकर्षित गर्ने उद्देश्यले आ.व. २०७६/७७ मा रु.१० करोड र आ.व. २०७७/७८ मा रु.५ करोड रकम स्वीकृत गरी तपसिल बमोजिमका एकीकृत कृषि मोडेल फर्म विकास तथा विस्तार कार्यक्रम सञ्चालन गरिएको छ ।

| क्र.सं. | फार्मको नाम | जिल्ला |
|---|---|---|
| १ | केरुङ्गा सामूहिक तरकारी कृषि फार्म प्रा.लि. | चितवन |
| २ | केवलपुर एग्रो फार्म प्रा.लि. | धादिङ्ग |
| ३ | प्रसिद्ध कफी स्टेट प्रा.लि. | नुवाकोट |
| ४ | गोल्डन फार्म्र्स प्रा.लि. | काभ्रे |
| ५ | हेलम्बु एग्रो फार्म एण्ड रिसर्च सेन्टर प्रा.लि. | सिन्धुपाल्चोक |
| ६ | बिग एग्रिकल्चर प्रा.लि. | सिन्धुपाल्चोक |
| ७ | एग्रो एण्ड लाइभस्टक नेपाल प्रा.लि. | रामेछाप |
| ८ | सप्तभूमे एग्रो एण्ड रिसर्च सेन्टर प्रा.लि. | रामेछाप |
| ९ | सिन्धुली एग्रो कम्पनी प्रा.लि. | सिन्धुली |
| १० | जि.के.कृषि फार्म प्रा.लि. | मकवानपुर |

### २. सामुहिक खेती

कृषि सहकारी, कृषक समूह र निजी क्षेत्रको साझेदारीमा जमिन एकीकृत गरी आधुनिक र व्यवसायिक कृषिको प्रवर्द्धन गर्ने, साना तथा सिमान्तकृत कृषकहरुको आयस्रोत तथा जीवनस्तर अभिवृद्धि गर्ने, स्थानीय स्तरमा रोजगारी सिर्जना गर्ने र वृहत्तर कृषि उत्पादनका लागि विशिष्टीकृत क्षेत्रहरु निर्माण गर्ने उद्देश्यले देहाय बमोजिमका स्थानहरुमा सामूहित खेती कार्यक्रम सञ्चालन गरिएको छ ।

| क्र.सं. | स्थान | क्षेत्रफल |
|---|---|---|
| १ | दुधौली नगरपालिका, सिन्धुली | १२१ बिगाहा |
| २ | माडी नगरपालिका, चितवन | १०० बिगाहा |
| ३ | इन्द्रावती गाउँपालिका र मेलम्ची नगरपालिका, सिन्धुपाल्चोक | २०० बिगाहा |
| ४ | लिखु गाउँपालिका र पञ्चकन्या गाउँपालिका, नुवाकोट | ६०० हेक्टर |
| ५ | गौरीशंकर गाउँपालिका, दोलखा | २५०० रोपनी |

### ३. शीत भण्डार निर्माण

कृषि सहकारी, कृषक समूह, कृषिसँग सम्बन्धित कम्पनी, निजी वा सामूहिक कृषि फार्मको साझेदारीमा कृषि उपजको भण्डारण गर्ने, उत्पादनोपरान्त क्षति न्यूनीकरण गर्ने, कृषकको आय वृद्धि गर्ने र स्थानीय स्तरमा रोजगारी सिर्जना गर्ने उद्देश्यले कुल १७,७०० मेट्रिक टन भण्डारण क्षमता हुने गरी देहाय बमोजिमका शीत भण्डार निर्माण कार्यक्रम अगाडि बढाइएको छ ।

| क्र.सं. | स्थान | क्षमता (मे.टन) | साझेदार |
|---|---|---|---|
| १ | कालिका २, रसुवा | ३०० | कालिका गा.पा. र धैबुङ्ग कालिकास्थान साना किसान कृषि सहकारी |
| २ | सुनकोशी ५, सिन्धुली | ५०० | सुनकोशी गा.पा. र मुकुटेश्वर बहुउद्देश्यीय कृषि सहकारी सं. लि. |
| ३ | भिमेश्वर ८, दोलखा | २०० | तिलोत्तमा हिमाली फुड प्रोडक्सन एण्ड रिसर्च सेन्टर |
| ४ | लिसंखुपाखर ७, सिन्धुपाल्चोक | ५०० | लिसंखुपाखर गा.पा. र गोल्मुथान कृषि सहकारी संस्था लि. |
| ५ | इन्द्रावती, सिन्धुपाल्चोक | ५०० | इन्द्रावती गा.पा. र पोखरे साना किसान कृषि सहकारी संस्था प्रा.लि. |
| ६ | जिरी ५, दोलखा | ५०० | जिरी न.पा. र जिरी कृषि सहकारी संस्था लि. |
| ७ | मन्थली, रामेछाप | ५०० | मन्थली न.पा. |
| ८ | खैरहनी ६, चितवन | १५०० | खैरहनी न.पा. र श्री साना किसान कृषि सहकारी संस्था लि. |
| ९ | बेनीघाट रोराङ्ग ७, धादिङ्ग | १५०० | श्री कृषक सुधार फलफुल तथा तरकारी सहकारी संस्था लि. |
| १० | विदुर ५, नुवाकोट | ५००० | हिमालयन शीत भण्डार प्रा.लि. |
| ११ | बेलकोटगढी १०, नुवाकोट | ५००० | बेलकोटगढी शीत भण्डार प्रा.लि. |
| १२ | थाहा, मकवानपुर | १७०० | थाहा न.पा., मकवानपुर |

*स्रोत: प्रदेश सरकार, कृषि तथा पशुपन्छी विकास मन्त्रालय, बागमती प्रदेश, हेटौंडा*

# परिच्छेद ४: उद्योग क्षेत्र

## ४.१ प्रमुख उद्योगको क्षमता उपयोग तथा उत्पादन

समीक्षा अवधिमा यस प्रदेशका नमूना छनौटमा समेटिएका उद्योगको औसत क्षमता उपयोग ४५.५ प्रतिशत रहेको छ । गत वर्षको सोही अवधिमा नमूना छनौटमा समेटिएका उद्योगको औसत क्षमता उपयोग ४८.९ प्रतिशत रहेको थियो । चाउचाउ उत्पादन गर्ने उद्योगले सबैभन्दा बढी ९९.५ प्रतिशत क्षमता उपयोग गरेको पाईएको छ भने अन्य रसायनिक पदार्थ अन्तर्गत Ointment को उत्पादन गर्ने उद्योगको क्षमता उपयोग सबैभन्दा कम ११.१ प्रतिशत रहेको छ ।

समीक्षा अवधिमा अध्ययनले समेटेका यस प्रदेशका उद्योगमध्ये पश्मिना उत्पादन २.० प्रतिशत, रङ्ग उत्पादन १३.३ प्रतिशत, Tablet उत्पादन १५.७ प्रतिशत, Capsule उत्पादन ०.५ प्रतिशत, Liquid औषधी उत्पादन ४४.४ प्रतिशत, छालाको जुत्ता उत्पादन १४३.९ र कपडाको जुत्ता उत्पादन ३४.१ प्रतिशतले बढेको छ । प्रशोधित दूध उत्पादन ६.१ प्रतिशत, चाउचाउ उत्पादन ०.८ प्रतिशत, बियर उत्पादन ८०.० प्रतिशत, हल्का पेय पदार्थ उत्पादन २.९ प्रतिशत, चुरोट उत्पादन १७.२, गार्मेन्ट उत्पादन ४२.९ प्रतिशत, Ointment उत्पादन १८.५, सिमेन्ट उत्पादन १७.४ प्रतिशत र कंक्रिट उत्पादन ०.१ प्रतिशतले घटेको छ ।

## ४.२ क्षेत्रगत औद्योगिक कर्जा


समीक्षा अवधिमा बैंक तथा वित्तीय संस्थाले यस प्रदेशको औद्योगिक क्षेत्रमा प्रवाह गरेको कर्जा ८.६ प्रतिशतले वृद्धि भई रु.९ खर्ब ७३ अर्ब १२ करोड पुगेको छ । गत वर्षको सोही अवधिमा यस्तो कर्जा ९.८ प्रतिशतले वृद्धि भई रु.८ खर्ब ९६ अर्ब ४२ करोड पुगेको थियो । यस प्रदेशमा प्रवाह भएको कुल कर्जामध्ये औद्योगिक क्षेत्रमा प्रवाहित कर्जाको अंश ३७.४ प्रतिशत रहेको छ । औद्योगिक कर्जामध्ये काठमाडौं जिल्लामा सबैभन्दा बढी रु.८ खर्ब ५६ अर्ब ४७ करोड (८८.०१ प्रतिशत) कर्जा लगानीमा रहेको छ भने रसुवा जिल्लामा सबैभन्दा कम रु.३२ करोड कर्जा (०.०३ प्रतिशत) लगानी रहेको छ (तालिका ४.१) ।

**तालिका ४.१: जिल्लागत औद्योगिक कर्जा**

| जिल्ला | रकम (रु. करोडमा) | हिस्सा (प्रतिशत) |
|---|---|---|
| दोलखा | ११७.९५ | ०.१२ |
| सिन्धुपाल्चोक | ५९.७० | ०.०६ |
| रसुवा | ३२.१८ | ०.०३ |
| धादिङ | ३२४.२८ | ०.३३ |
| नुवाकोट | २३८.६० | ०.२५ |
| काठमाडौं | ८५६४७.२६ | ८८.०१ |
| भक्तपुर | ११०१.५७ | १.१३ |
| ललितपुर | ३६९७.५१ | ३.८० |
| काभ्रेपलाञ्चोक | ६८९.८३ | ०.७१ |
| रामेछाप | ७०.६० | ०.०७ |
| सिन्धुली | १६२.२१ | ०.१७ |
| मकवानपुर | १३५९.९४ | १.४० |
| चितवन | ३८११.१३ | ३.९२ |
| **जम्मा** | **९७३१२.७६** | **१००.००** |

*स्रोत: नेपाल राष्ट्र बैंक ।*

कुल औद्योगिक कर्जामध्ये धातुका उत्पादन, मेसिनरी तथा ईलेक्ट्रोनिक उद्योगमा प्रवाहित कर्जा सबैभन्दा बढी (२७.९ प्रतिशतले) वृद्धि भएको छ भने सबैभन्दा कम निर्माण सम्बन्धी उद्योगमा (४.७ प्रतिशतले) वृद्धि भएको छ। यसैगरी, गैरखाद्य वस्तु उत्पादन सम्बन्धी उद्योगमा १७.७ प्रतिशत र विद्युत, ग्याँस तथा पानी सम्बन्धी उद्योगमा ८.३ प्रतिशतले कर्जा बढेको छ भने खानी सम्बन्धी उद्योगमा ३.२ प्रतिशतले र कृषि, वन तथा पेय पदार्थ सम्बन्धी उद्योगमा ८.५ प्रतिशतले घटेको छ।




*स्रोत: नेपाल राष्ट्र बैंक।*

## ४.३ औद्योगिक क्षेत्रका चुनौती र सम्भावना

### ४.३.१ चुनौती

बागमती प्रदेश अन्तर्गतको औद्योगिक क्षेत्रमा देहाय बमोजिमका चुनौतीहरु विद्यमान रहेका छन्।

- तरलता समस्या तथा एलसीमा नगद मार्जिन राख्नुपर्ने व्यवस्थाका कारण कच्चा पदार्थ ट्रेडिङ्ग कम्पनीको आयातमा भर पर्ने उद्योगहरु सञ्चालन गर्नु।
- केही ठूला उद्योगहरुमा पावर कट, ट्रिपिङ, लाइटिङ लोड तथा नो पावर लगायतका विद्युत आपूर्तिका समस्या।
- घना बस्ती तथा बढ्दो जनघनत्वका कारण ठूला शहरहरुमा फोहोर तथा पानी व्यवस्थापन गर्नेगरी साना तथा मझौला उद्योग स्थापना र संचालन गर्न कठिन।
- फुटवेयर, गार्मेन्ट, हस्तकला लगायतका उद्योगहरु विदेशी श्रमिकको भरमा सञ्चालन गर्नुपर्ने भएकाले नेपाली श्रमिकलाई दक्षता प्रदान गरी स्वदेशमै टिकाई राख्नु।
- जमिनको बढ्दो मूल्य र हदबन्दीका कारण जमिनमा ठूलो लगानी पर्ने भएकोले उद्योगको लागत बढी हुँदा स्थिर भु-उपयोग नीति बनाई सरकारी जग्गा उद्योगलाई लिजमा दिनसक्ने व्यवस्थाको अभाव।
- भारत, रसिया, युक्रेन लगायतका मुलुकहरुले गहुँ, सुर्यमुखी तेल, जौ, मकै, चिनी लगायतका खाद्यान्न निर्यातमा प्रतिबन्ध लगाएकोले यी बस्तुमा आधारित उद्योगहरुले माग अनुसारको उत्पादन सुचारु राख्न कठिन।

- शहरको मध्यभागमा रहेका औद्योगिक क्षेत्रहरुको कारण वातावरण तथा ध्वनी प्रदुषण हुन गई बस्तिको जनस्वास्थ्यमा असर पर्ने भएकोले वातावरणलाई असर नपर्ने गरी उद्योग सञ्चालन गर्नु ।

### ४.३.२ सम्भावना

उपरोक्त चुनौतीका बावजुद पनि बागमती प्रदेश अन्तर्गतको औद्योगिक क्षेत्रमा देहाय बमोजिमका सम्भावनाहरु विद्यमान रहेका छन् ।

- साना तथा मझौला उद्योग स्थापना गर्न कम्पनी दर्ता, नवीकरण, थप अनुमति, राजस्व, दस्तुर भुक्तानी जस्ता प्रक्रियागत झन्झटको समाधान स्थानीय स्तरबाटै गर्ने सक्ने व्यवस्था मिलाउन सके साना तथा मझौला उद्योग स्थापना हुने ।
- बढ्दो बस्ती तथा महँगिदै गएको काठका कारण एल्मुनियम, रेलिङ, ग्रिल लगायतका धातु फेब्रिकेशन गर्ने उद्योग स्थापना हुन सक्ने ।
- व्यस्त जीवनशैली र महँगिदै गएको भान्साका कारण ठूला शहरहरुका अफिस तथा स्कुल कलेजमा प्याक लन्चबक्सको उद्योग स्थापना गर्न सकिने ।
- यस प्रदेशमा मासुजन्य उत्पादन, पानी तथा खाद्य प्रशोधन तथा फास्टफुडका थप उद्योग स्थापना गर्न सकिने ।
- डिजिटल प्रविधिको उच्चतम प्रयोग गरी औद्योगिक उत्पादनको बजार विस्तार गर्न तथा नयाँ उत्पादनको रिसर्च गर्न सकिने ।
- उपत्यका तथा ठूला सहरहरुबाट निस्कने फलाम, कागज, कुहिने फोहोर लगायत रिसाइकल गरेर प्रयोग गर्न मिल्ने वस्तु Dump गर्न वा निर्यातमा रोक लगाई उक्त वस्तुलाई कच्चा पदार्थको रुपमा प्रयोग हुने उद्योग स्थापना हुने ।
- औद्योगिक प्रतिष्ठानको लागि आवश्यक दक्ष र अर्ध-दक्ष जनशक्ति उत्पादनको लागि प्रदेशस्तरीय प्राविधिक शिक्षालयको स्थापना गरी स्वदेशी कामदारको उत्पादकत्व वृद्धि गर्न सकिने तथा विदेशी जनशक्तिलाई प्रतिस्थापन गर्न सकिने ।
- यस प्रदेशमा हिमाली भेगको पानी प्रशोधन गरी प्याक गर्ने मिनरल वाटर उद्योग स्थापना गरी खाडी मुलुकमा Bottled Mineral Drinking Water हवाईमार्गबाट निर्यात गर्न सकिने ।

# परिच्छेद ५ : सेवा क्षेत्र


सेवा क्षेत्र अन्तर्गत पर्यटन, सार्वजनिक निर्माण तथा रियलस्टेट सम्बन्धी कारोबार, वित्तीय सेवा र यातायात सेवाहरु समेटिएको छ । कोभिड-१९ महामारीका कारण पर्यटन क्षेत्र तुलनात्मक रुपमा सबैभन्दा बढी र वित्तीय सेवा कम प्रभावित भएको पाईएको छ ।

## ५.१ पर्यटन

२०७८ पुस मसान्तसम्ममा उपत्यकाभित्र रहेका होटलहरुको अकुपेन्सी औसतमा ११.१ प्रतिशत रहेको छ । २०७८ साउनमा भने कोभिड-१९ को दोस्रो लहरको प्रभावले गर्दा होटलहरुको अकुपेन्सी औसतमा ६.३ प्रतिशत मात्र थियो । कोभिडको असर क्रमशः कम भएसँगै भदौ, असोज, कात्तिक र मंसिर महिनामा औसत अकुपेन्सीमा सुधार आएको देखिन्छ । कोभिड-१९ को नयाँ भेरियन्टः ओमिक्रोनको कारण भने पुनः २०७८ पुसमा उपत्यकाभित्रका होटलहरुका अकुपेनसी दर घट्न गएको छ ।

हाल कोभिडको असर क्रमशः न्यून हुँदै गएको, खोपको सहज उपलब्धता हुँदै गएको, पर्यटकहरुलाई Quarantine मा बस्नुपर्ने व्यवस्था हटाइएको, सरकारले हप्तामा दुई दिन बिदा दिने व्यवस्था गरेको, आन्तरिक पर्यटनमा उत्साह थपिएको लगायतका कारण यस पर्यटन क्षेत्रमा सुधार आउन सक्ने देखिन्छ ।

**चार्ट ५: आर्थिक वर्ष २०७८/७९ मा काठमाडौं उपत्यकामा रहेका होटलको अकुपेन्सी**




*स्रोतः सर्वेक्षण क्षेत्रका होटलहरु ।*

## ५.२ सार्वजनिक निर्माण तथा रियलस्टेट

समीक्षा अवधिमा घरजग्गा रजिष्ट्रेशन संख्या १४.९ प्रतिशतले बढेको छ । गत वर्षको सोही अवधिमा सो संख्या १४.१ प्रतिशतले बढेको थियो । समीक्षा अवधिमा घरजग्गा रजिष्ट्रेशन बापतको राजस्व बढेर रु. १५ अर्ब ७५ करोड कायम भएको छ (तालिका ५.१) । गत वर्षको सोही अवधिमा यस्तो राजस्व ०.५ प्रतिशतले घटेको थियो । त्यसैगरी, समीक्षा अवधिमा घर/भवन नक्सापास संख्या ५.५ प्रतिशतले घटेको छ ।

**तालिका ५.१ : सार्वजनिक निर्माण तथा रियलस्टेट**

| विवरण | २०७७ पुस | २०७८ पुस |
|---|---|---|
| घरजग्गा रजिष्ट्रेशन संख्या | ८४,९५१ | ९७,६३४ |
| घर/भवन स्थायी नक्सा पास संख्या | १३,६६३ | १२,९१४ |
| घरजग्गा रजिष्ट्रेशन राजस्व (रु.करोडमा) | ७३१.४५ | १५७५.०५ |

*स्रोत : भूमि व्यवस्था तथा अभिलेख विभाग, महानगरपालिका/उप-महानगरपालिका/नगरपालिका कार्यालय ।*

## ५.३ वित्तीय सेवा

यस प्रदेशमा आर्थिक वर्ष २०७८ पुस मसान्तसम्ममा वाणिज्य बैंकका १ हजार ७ सय १८, विकास बैंकका ३ सय ६, वित्त कम्पनीका १ सय तथा लघुवित्त वित्तीय संस्थाका ७ सय ४२ गरी जम्मा २ हजार ८ सय ६६ शाखा सञ्चालनमा रहेका छन् । यसमध्ये काठमाडौं जिल्लामा सबैभन्दा बढी (१ हजार ८९) तथा रसुवा जिल्लामा सबैभन्दा कम (४८) शाखा सञ्चालनमा रहेका छन् (तालिका ५.२) ।


**तालिका ५.२: बैंक तथा वित्तीय संस्थाका शाखाहरुको जिल्लागत उपस्थिति**

| जिल्ला | २०७७ पुस | २०७८ पुस |
|---|---|---|
| दोलखा | ५५ | ६१ |
| सिन्धुपाल्चोक | ८८ | ९९ |
| रसुवा | ४८ | ४८ |
| धादिङ | १४० | १५५ |
| नुवाकोट | १०८ | ११५ |
| काठमाडौं | १,०२५ | १,०८९ |
| भक्तपुर | १४१ | १५७ |
| ललितपुर | २५५ | २८२ |
| काभ्रेपलाञ्चोक | १७५ | १८८ |
| रामेछाप | ४४ | ५५ |
| सिन्धुली | ९२ | ११० |
| मकवानपुर | १५१ | १६० |
| चितवन | ३१८ | ३४७ |
| **जम्मा** | **२,६४०** | **२,८६६** |

*स्रोत: नेपाल राष्ट्र बैंक ।*

बैंक तथा वित्तीय संस्थाले यस प्रदेशबाट संकलन गरेको कुल निक्षेप २०७८ असार मसान्तको तुलनामा ५.१ प्रतिशतले वृद्धि भई पुष मसान्तमा रु.३३ खर्ब ७० अर्ब ९९ करोड पुगेको छ । गत वर्षको सोही अवधिमा यस्तो निक्षेप ८.३ प्रतिशतले वृद्धि भएको थियो ।

चार्ट ६: निक्षेप तथा कर्जा स्थिति (रु.खर्बमा)




*स्रोत: नेपाल राष्ट्र बैंक ।*

समीक्षा अवधिमा बैंक तथा वित्तीय संस्थाले यस प्रदेशमा प्रवाह गरेको कर्जा २०७८ असार मसान्तको तुलनामा १०.५ प्रतिशतले वृद्धि भई रु.२६ खर्ब ५१ करोड पुगेको छ। अघिल्लो वर्ष यस्तो कर्जा १३.७ प्रतिशतले वृद्धि भएको थियो। २०७८ पुष मसान्तमा कर्जा निक्षेप अनुपात ७७.१ प्रतिशत रहेको छ। अघिल्लो वर्ष यस्तो अनुपात ७१.५ प्रतिशत रहेको थियो ।

## ५.४ यातायात

२०७८ साउनदेखि पुस मसान्तसम्ममा बागमती प्रदेशमा सवारी दर्ता संख्या ८९ हजार २ सय २७ रहेको छ। यसमध्ये मोटरसाईकल संख्या ७५ हजार ५ सय ७३ तथा अन्य सवारी साधन संख्या १३ हजार ६ सय ५४ रहेको छ।

## ५.५ सेवा क्षेत्र कर्जा

समीक्षा अवधिमा बागमती प्रदेशमा बैंक तथा वित्तीय संस्थाले सेवा क्षेत्रमा प्रवाह गरेको कर्जा ९.१ प्रतिशतले घटेर रु.८ खर्ब ३७ अर्ब ७९ करोड पुगेको छ। गत वर्षको सोही अवधिमा यस्तो कर्जा १०.१ प्रतिशतले बढेको थियो। कुल कर्जामध्ये सेवा क्षेत्रमा प्रवाहित कर्जाको अंश ३२.२ प्रतिशत रहेको छ।

कुल औद्योगिक कर्जामध्ये यातायात, भण्डारण र सञ्चार क्षेत्रमा प्रवाहित कर्जा सबैभन्दा बढी (१७.५ प्रतिशतले) वृद्धि भएको छ भने पर्यटन क्षेत्रमा सबैभन्दा कम (१.३ प्रतिशतले) वृद्धि भएको छ। यसैगरी, थोक तथा खुद्रा व्यापार क्षेत्रमा १०.४ प्रतिशतले वृद्धि भएको छ भने वित्त, बीमा तथा अचल सम्पत्ति क्षेत्रमा ४१.७ प्रतिशत र अन्य सेवा क्षेत्रमा प्रवाहित हुने कर्जामा २८.१ प्रतिशतले कमी आएको छ।

**तालिका ५.३: जिल्लागत सेवा क्षेत्र कर्जा**

| जिल्ला | रकम (रु.करोडमा) | हिस्सा (प्रतिशत) |
|---|---|---|
| दोलखा | २०२.३४ | ०.२ |
| सिन्धुपाल्चोक | १९३.७२ | ०.२ |
| रसुवा | ६८.४५ | ०.१ |
| धादिङ | ८८०.१७ | १.१ |
| नुवाकोट | ५७२.४७ | ०.७ |
| काठमाडौं | ६७२९९.५२ | ८०.३ |
| भक्तपुर | १४११.३७ | १.७ |
| ललितपुर | ४३५६.७० | ५.२ |
| काभ्रेपलाञ्चोक | १४९१.७० | १.८ |
| रामेछाप | १६१.३९ | ०.२ |
| सिन्धुली | ४२६.५२ | ०.५ |
| मकवानपुर | १८८८.८३ | २.३ |
| चितवन | ४८२६.६९ | ५.८ |
| **जम्मा** | **८३७७९.८५** | **१००.००** |

*स्रोतः नेपाल राष्ट्र बैंक।*

सेवा क्षेत्र अन्तर्गत प्रवाह भएको कर्जामा काठमाडौं जिल्लाको अंश सबैभन्दा बढी (८०.३ प्रतिशत) र रसुवा जिल्लाको अंश सबैभन्दा कम (०.१ प्रतिशत) रहेको छ (तालिका ५.३)।

## ५.६ सहकारी

समीक्षा अवधिमा यस प्रदेशका नमूना अध्ययन छनौटमा समेटिएका १० वटा सहकारीहरुको २०७८ पुस मसान्तसम्म कुल पूँजी रु.८ अर्ब २५ करोड रहेको छ। त्यसैगरी, यी सहकारी संस्थाहरूमा रहेको कुल बचत रकम २०७७ पुस मसान्तको तुलनामा २.३ प्रतिशतले वृद्धि भई २०७८ पुस मसान्तमा रु.१६ अर्ब ८ करोड पुगेको छ भने सो अवधिमा कुल ऋण रकममा १७.२ प्रतिशतले वृद्धि भई रु.१५ अर्ब ३७ करोड पुगेको छ। अध्ययनमा समेटिएका सहकारी संस्थाहरुको २०७८ पुस मसान्तसम्म कुल १२४,७८४ सदस्यहरु र कुल ४७७ जना कर्मचारीहरु रहेका छन्। समीक्षा अवधिमा छनौटमा समेटिएका सहकारी संस्थाहरुमा कर्मचारी संख्या ०.६ प्रतिशतले घटेको छ।

## ५.७ सरकारी वित्त

### प्रदेशगत सरकारी खर्च

आर्थिक मामिला तथा योजना मन्त्रालय, बागमती प्रदेशका अनुसार आर्थिक वर्ष २०७८/७९ को पुस मसान्तसम्म बागमती प्रदेश सरकारको रु.८ अर्ब ७४ करोड बजेट खर्च भएको छ। उक्त रकम कुल विनियोजित बजेटको १५.५ प्रतिशत हो। चालु खर्चतर्फ बिनियोजित रकमको १९.३ प्रतिशत र पुँजीगत खर्चतर्फ बिनियोजित रकमको १०.२ प्रतिशत खर्च भएको देखिन्छ। गत वर्ष सोही अवधिमा चालु खर्चतर्फ बिनियोजित रकमको १७.७ प्रतिशत र पुँजीगत खर्चतर्फ बिनियोजित रकमको १३.१ प्रतिशत खर्च भएको थियो (तालिका ५.४)।

**तालिका ५.४ : प्रदेशगत खर्चको स्थिति**

*रु.अर्बमा*

| खर्च शीर्षक | विनियोजित रकम | | पुस मसान्तसम्मको खर्च | | विनियोजनको तुलनामा खर्च प्रतिशत | |
|---|---|---|---|---|---|---|
| | २०७७/७८ | २०७८/७९ | २०७७/७८ | २०७८/७९ | २०७७/७८ | २०७८/७९ |
| चालु | २५.२९ | २६.०२ | ४.४८ | ५.०२ | १७.७२ | १९.३० |
| पुँजीगत | २५.१४ | २९.७० | ३.२९ | ३.०२ | १३.०८ | १०.१८ |
| वित्तीय व्यवस्था | १.०० | २.०० | ०.६० | ०.७० | ६०.०० | ३५.०० |
| **कुल** | **५१.४३** | **५७.७२** | **८.३७** | **८.७५** | **१६.२७** | **१५.१५** |

*स्रोत : आर्थिक मामिला तथा योजना मन्त्रालय, बागमती प्रदेश सरकार, हेटौंडा।*

### प्रदेशगत सरकारी आय

बागमती प्रदेश सरकारले आर्थिक वर्ष २०७८/७९ पुस मसान्तसम्ममा आन्तरिक स्रोत र राजस्व बाँडफाँड गरी कुल राजस्व प्राप्ती रु.२२ अर्ब ६८ करोड भएको छ। आर्थिक पर्ष २०७८/७९ पुस मसान्तसम्ममा बागमती प्रदेश सरकारले संघीय सरकारबाट समानीकरण, सशर्त, विशेष र समपुरक गरी कुल रु.९ अर्ब ४८ करोड अनुदान प्राप्त गरेको छ (तालिका ५.५)।

**तालिका ५.५: प्रदेशगत आयको स्थिति**

*रु. अर्बमा*

| शीर्षक | २०७८ पुस मसान्तसम्मको |
|---|---|
| कर | ९.८१ |
| अन्य राजस्व | २.६१ |
| विविध प्राप्ती | १०.२६ |
| **कुल राजस्व** | २२.६८ |
| **जम्मा अनुदान** | ९.४८ |
| **राजस्व तथा अनुदान** | ३२.१६ |

*स्रोत : आर्थिक मामिला तथा योजना मन्त्रालय, बागमती प्रदेश सरकार, हेटौंडा*

## ५.८ सेवा क्षेत्रको चुनौती र सम्भावना

### ५.८.१ चुनौती

बागमती प्रदेशको सेवा क्षेत्रमा देहाय बमोजिमका चुनौतीहरु रहेका छन् ।

- पर्यटकीय स्थलहरुमा फोहोर व्यवस्थापन, ब्यागेज जाँच, पर्यटक प्रहरी, पर्यटकीय क्षेत्र समेटिएको डिजिटल नक्सा, द्रुत उद्धार टीम, पर्यटकीय स्थलहरुमा इन्टरनेटको पहुँच तथा २४ सै घण्टा सम्पर्क गर्न सकिने हटलाइन नम्बरको व्यवस्था गरी पर्यटकलाई थप सुरक्षा तथा सुविधा प्रदान गर्नु ।
- अन्य प्रदेशको तुलनामा यस प्रदेशमा अस्पतालहरुको संख्या र क्षमता बढी रहेतापनि न्यून तलबका कारण डाक्टर, नर्स, ल्याव प्राविधिक लगायतका जनशक्ति पलायन हुने दर तिव्र रहेकोले समयानुकुल तलबभत्ता निर्धारण गरी जनशक्तिलाई टिकाई राख्नु ।
- बढ्दै गरेको डिजिटल तथा अनलाइन प्लेटफर्मका माध्यमबाट अदृष्य रुपमा क्रिप्टोकरेन्सीमा लगानी बढ्न सक्ने तथा अनौपचारिक अर्थतन्त्रको हिस्सा बढ्न सक्ने भएकोले सो कारोबारलाई नियन्त्रणमा राख्नु ।
- यातायात, मालपोत, राहदानी विभाग लगायत सेवाग्राहीको चाप बढी रहने कार्यालयहरुमा इन्टरनेट, सफ्टबेयर, कम्प्युटर तथा कर्मचारीहरुको क्षमता अभिवृद्धि गरी छिटो छरितो सेवा प्रवाह गर्नु ।
- कोभिड-१९ को संक्रमणको प्रभाव कम भएसँगै चलायमान भएको अर्थतन्त्रमा समग्र मागमा आएको वृद्धिलाई सन्तुलन कायम गराउने गरी वित्तीय स्रोत व्यवस्थापन गर्नु ।
- पूर्वाधार, शिक्षा, व्यवस्थापन लगायतका क्षेत्रको गुणस्तरमा सुधार ल्याई सार्वजनिक स्कुल कलेजलाई निजी सरह प्रतिस्पर्धात्मक बनाउनु ।

### ५.८.२ सम्भावना

उपरोक्त चुनौतीका बावजुद पनि बागमती प्रदेश अन्तर्गतको सेवा क्षेत्रमा देहाय बमोजिमका सम्भावनाहरु विद्यमान रहेका छन् ।

- धादिङ जिल्लामा पर्ने रुबी भ्याली, त्रिपुरा सुन्दरी, भैरवी मन्दिर तथा चितवनमा पर्ने सिराइचुलीमा पयर्टन प्रबर्द्धनका लागि आवश्यक सडक र अन्य पूर्वाधार निर्माण गर्न सके पयर्टन व्यवसाय विस्तार हुने ।
- यस प्रदेशमा बैकिंङ सेवा, सञ्चार माध्यम, इन्टरनेट, मोवाइल लगायतमा युवाहरुको आकर्षण र पहुँच राम्रो रहेकोले Application Development, ई-लर्निङ, ई-कन्सल्टेन्सी, ई-लाइब्रेरी लगायतका प्रविधिमैत्री सेवाको विस्तार हुने ।
- डेन्टल, आँखा तथा कस्मेटिक उपचार अन्य बिकसित मुलुक भन्दा नेपालमा सस्तो पर्ने हुँदा पर्यटकलाई यी सेवामा लक्षित गरी विशिष्टिकृत अस्पतालको स्थापना गरी मेडिकल पर्यटन बढ्ने ।
- IPO मार्फत लगानीकर्ताहरुले सहज र थोरै रकम लगानी गर्न सकिने प्रावधानले वास्तविक क्षेत्रमा सञ्चालित उद्योगहरुलाई वित्तीय बजारमा ल्याई पूँजी बजारलाई विस्तार गर्न सकिने ।
- प्रविधिको उच्चतम प्रयोग गरी Paperless Office सञ्चालन गर्न सकिने ।
- सरकारी कार्यालय, सामुदायिक अस्पताल तथा सामुदायिक विद्यालयमा सुपथ मूल्यमा High Speed इन्टरनेट प्रदान गरी सेवाको गुणस्तर वृद्धि गर्न सकिने ।

# परिच्छेद ६: पूर्वाधार र रोजगारी

## ६.१ पूर्वाधार क्षेत्र

समीक्षा अवधिसम्ममा यस प्रदेशमा सडकतर्फ १८४८.६१ कि.मी सडकमध्ये कुल कच्ची सडक ६५४.४६ कि.मी., ग्राभेल सडक ६२२.०६ कि.मी., कालोपत्रे सडक ४५६.३९ कि.मी. तथा ढलान सडक ९५.७ कि.मी.चालु अवस्थामा रहेका छन् ।

बागमती प्रदेशमा चुरियामाई सुरुङ मार्गको पुननिर्माण तथा जीर्णोद्धारको कार्य सुरु भएको छ । यो सुरुङ मार्ग दक्षिण एसिया कै पहिलो सुरुङ मार्गको रुपमा परिचित छ । यसै गरी चोभारमा सुख्खा बन्दरगाह निर्माण सम्पन्न भएको छ भने क्षतिग्रस्त मेलम्ची खानेपानी आयोजना पुनः सञ्चालनमा आएको छ ।

सडकतर्फ प्रदेश राजधानीलाई संघीय राजधानीसँग जोड्ने मुख्य राजमार्गको भैंसे भीमफेदि खण्डको ११.५० कि.मी. सडक स्तरोन्नति कार्य अन्तर्गत सडक चौडा तथा स्ट्रक्चरहरुको निर्माण कार्य भईरहेको छ । साथै, दक्षिणकाली छैमले खण्डका पनि सडक चौडा तथा स्ट्रक्चरहरुको निर्माण भईरहेको, कुलेखानी देखि सिस्नेरी तर्फ ६ कि.मी. सडक कालोपत्रे गर्ने कार्य अन्तिम चरणमा रहेको छ । त्यसैगरी, सिस्नेरी छैमले खण्डको स्तारोंनतिको लागि ठेक्का सम्झैताको क्रममा रहेको छ ।

सडक क्षेत्रको लागि आवश्यकता अनुसार वायो ईन्जीनियरिंग तथा सडक सुरक्षाका पूर्वाधारहरुको निर्माण कार्यहरु भईरहेको अवस्था छ । त्यसैगरी, प्रमुख प्रादेशिक सडकहरुको नियमित, पटके तथा आकस्मिक मर्मत तथा सम्भार कामहरु पनि निरन्तर रुपमा भइरहेको पाइन्छ ।

**तालिका ६.१ :- राष्ट्रिय गौरवका आयोजनाको विवरण**

| क्र.सं. | आयोजनाको नाम | शुरु मिति | लक्ष्य | सम्पन्न हुने मिति | संशोधित लागत रु. | २०७८ असार मसान्त सम्मको प्रगति | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | भौतिक | वित्तीय |
| १. | सुनकोशी मरिन डाइभर्सन आयोजना | २०७३/७४ | १२२,००० हेक्टर, २८.६ मेगावाट | २०८०/८१ | ४६ अर्ब १९ करोड | ३.५ | ३.२ |
| २. | माथिल्लो तामाकोशी जलविद्युत् आयोजना | २०६७/६८ | ४५६ मेगावाट | २०७७/७८ | ५२ अर्ब ८ करोड | १००.० | ९९.९ |
| ३. | विद्युत् प्रशारण आयोजना | तयारी चरणमा रहेको | ४०० के.भि. २८९ कि.मि. आन्तरिक २३ कि.मि. अन्तरदेशीय | | अमेरिकी डलर ५२ करोड | २.० | ५.५ |
| ४. | हुलाकी राजमार्ग | २०६६/६७ | १७९२.४२ कि.मि. | २०७९/८० | ६५ अर्ब २० करोड | ६८.१ | ७०.० |
| ५. | पुष्पलाल (मध्य-पहाडी) लोकमार्ग | २०६४/६५ | १८७९ कि.मि. | २०७९/८० | १ खर्ब १ अर्ब ५० करोड | ५७.८ | ६३.३ |
| ६. | काठमाडौं तराई-मधेस द्रुत मार्ग | २०७४/७५ | ७२.५ कि.मि. | २०८०/८१ | २ खर्ब १३ अर्ब ९५ करोड | १६.१ | १४.५ |
| ७. | मेलम्ची खानेपानी आयोजना | २०५५ | ५१ करोड लिटर | २०७७/७८ (प्रथम चरण) | ३१ अर्ब ३६ करोड | ९९.५ | ९३.१ |
| ८. | पशुपती क्षेत्र विकास कोष | २०५७/५८ | २८६.६ हेक्टर | २०७८/७९ | १ अर्ब २७ करोड | ८०.० | ६०.४ |
| ९. | राष्ट्रपति चुरे संरक्षण कार्यक्रम | २०७१/७२ | तराई मधेशका ३७ जिल्ला | २०९३/९४ | १० अर्ब २२ करोड | ४.५ | ४.३ |

*स्रोत : अर्थ मन्त्रालय, राष्ट्रिय योजना आयोग, राष्ट्रिय गौरवका आयोजनाहरु ।*

माथिल्लो तामाकोशी जलविद्युत आयोजना आर्थिक वर्ष २०७७/७८ मा सम्पन्न भएको छ । यस जलविद्युत् आयोजनाको ६ वटै यूनिटबाट ४५६ मेगावट विद्युत उत्पादन हुन थालेको छ । यस आयोजनाको सञ्चालनसँगै उद्योगहरु तथा निजी क्षेत्रको बिजुलीको माग पुरा गरी उद्योग क्षेत्रको लागत घटाउन सकिन्छ ।

### नागढुंगा नौविसे सुरूङ मार्ग

जापान सहयोग नियोग (जाइका) को सहुलियत ऋणबाट निर्माण हुन लागेको नागढुंगा नौविसे सुरूङ मार्ग निर्माणको क्रममा रहेको छ । काठमाडौ उपत्यका भित्रिन प्रयोग हुने मुख्य नाकामा निर्माणाधिन २.६८ किलोमिटर लामो यस सुरूङ मार्गको कुल अनुमानित लागत रु.१७.०९ अर्ब (मुआब्जा बाहेक) रहेको छ । मुआब्जा रकम सरकारले आफ्नो स्रोतबाट र सुरूङ निर्माण जाइकाको सहुलियत ऋणबाट उपयोग गरिनेछ । काठमाडौंको थानकोट दहचोकदेखि धादिङको सिस्ने खोलासम्म निर्माण गर्ने लक्ष्य रहेको यो सुरूङ मार्ग ३.५ मिटरका दुइवटा लेन र १.५ मिटर चौडाइको इमर्जेन्सी ट्र्याक रहने यस सुरुङको चौडाइ ९.५ मिटर र उचाई ५ मिटरको हुनेछ । जापानी कम्पनी हाज्माले ४२ महिनामा सम्पन्न गरेर नेपाललाई हस्तान्तरण गर्ने गरी यो परियोजनाको ठेक्का जिम्मा दिइएको छ । आर्थिक वर्ष २०७८/७९ को बैशाखसम्म सुरूङ मार्गको कुल भौतिक प्रगति ३५.५० प्रतिशत र कुल वित्तीय प्रगति ४५.५० (मोविलाइजेशन सहित) प्रतिशत रहेको छ । आ.व. २०७८/७९ को बैशाखसम्म मुख्य सुरूङ १२०४ मिटर (खन्ने काम) र सहायक इभ्याकुएसन सुरूङ १४१९ मिटर (खन्ने काम) सम्पन्न भएको छ । सुरूङमार्ग निर्माण पश्चात् बाटोको दुरीमा २.३८ कि.मि.ले कमी आउने, काठमाडौ भित्रिन २३ मिनेट र बाहिरिन १४ मिनेट समय बचत हुने तथा सवारी दुर्घटनामा ५० प्रतिशत कमी हुने आँकलन गरिएको छ *(स्रोतःनागढुंगा सुरुङमार्ग निर्माण आयोजना)*।



### बक्स ४: चोभार सुख्खा बन्दरगाह निर्माण सम्पन्न

विश्व बैंकको ऋण सहयोगमा रु. १ अर्ब ६० करोडको लागतमा काठमाडौंको चोभारमा सुख्खा बन्दरगाह निर्माण सम्पन्न भई २०७८ चैत २२ गते उद्घाटन भएको थियो । यसमा इन्टर मोडल यातायात विकास समितिवाट समेत रु.२० करोडको प्रशासनिक संरचना निर्माणमा खर्च गरिएको छ । सुख्खा बन्दरगाह सञ्चालनमा आएपछि समुन्द्री बन्दरगाह हुँदै व्यवसायीहरुले भित्र्याएका माल वस्तु काठमाडौंमा सिधै जाँचपास गर्न सकिने र आयात निर्यातको समय तथा लागत कम हुने आपेक्षा गरिएको छ । बन्दरगाह भित्र भन्सार, क्वारेन्टिन, प्रशासनिक संरचना, बैंक तथा पार्किङ यार्ड निर्माण गरिएको छ । तत्कालिन हिमाल सिमेन्ट उद्योगले ओगटेको २२० रोपनी जग्गामा बनेको यस बन्दरगाह सीमा नाकाबाट टाढा र भित्री सहरमा बनेको पहिलो बन्दरगाह हो । यस बन्दरगाह भित्र ५०० वटा ट्रक र ५०० कै हाराहारीमा कन्टेनर अट्ने पार्किङयार्ड रहेको छ । तराई मधेश द्रुतमार्गको प्रवेशद्वारमा निर्माण सम्पन्न गरिएको यस बन्दरगाह द्रुतमार्ग सम्पन्न भएपछि झनै उपयोगी हुने आपेक्षा गरिएको छ । बन्दरगाह प्रस्तावित नेपाल भारत तथा नेपाल चीन रेलमार्गको संगम विन्दुमा अवस्थित भएको कारणले भविष्यमा नेपालको अर्न्तराष्ट्रिय व्यापार प्रवर्द्धनमा महत्वपूर्ण एवम् दुरगामी प्रभाव पार्ने देखिन्छ ।

*स्रोत : भन्सार विभाग, इन्टर मोडल यातायात विकास समिति ।*

## ६.२ पूर्वाधार क्षेत्रका चुनौती र सम्भावना

### ६.२.१ चुनौती

बागमती प्रदेश अन्तर्गतको पूर्वाधार क्षेत्रमा देहाय बमोजिमका चुनौतीहरु विद्यमान रहेका छन् ।

- इन्धन तथा फलामको मूल्यवृद्धिले यातायात, ढुवानी, निर्माण सामाग्री लगायतका क्षेत्रमा मूल्यवृद्धि गरेको हुँदा तोकिएको लागतमा समयमै परियोजना सम्पन्न गर्न ।
- निमार्णाधीन पुर्वाधारहरुले निम्त्याउन सक्ने दुर्घटना, विपद तथा जोखिमलाई न्युनीकरण गर्दै कार्य सम्पन्न गर्न ।
- आयोजनाका लागि गुणस्तरीय स्वदेशी कामदार तथा विशेषज्ञको सुनिश्चिता गर्न ।
- नयाँ पूर्वाधार आउनु अगाडि नै मुअब्जा, जग्गा अधिग्रहण, रोजगारी, सेयर बाँडफाँड लगायतका स्थानीय विषयहरु सम्बोधन गरी परियोजना अगाडि बढाउनु ।
- सम्पन्न पुर्वाधारहरुको समय समयमा अनुगमन तथा मर्मत सम्भार गरी आयोजनाको आयु बढाउनु ।

### ६.२.२ सम्भावना

उपरोक्त चुनौतीका बावजुद पनि बागमती प्रदेश अन्तर्गतको पूर्वाधार क्षेत्रमा देहाय बमोजिमका सम्भावनाहरु विद्यमान रहेका छन् ।

- काठमाडौ उपत्यका, चितवन, बनेपा लगायतका ठूला सहरहरुलाई व्यवस्थित गर्न Intelligent Traffic Light System, Parking Garage, Utility Corridor लगायतको पूर्वाधार निर्माण गर्न सकिने ।
- काठमाडौ, भरतपुर, हेटौंडा लगायतका सहरहरुमा ठूला सवारी साधनको आवतजावत गर्न, ढुवानी गर्न लागि बाहिरी चक्रपथको निर्माण तथा व्यवस्थित बसपार्क निर्माण गर्ने ।
- सिमेन्ट, रड, ढुंगा गिट्टी लगायतका निर्माण सामाग्रीहरुमा देश आत्मनिर्भर रहेकोले आपूर्ति श्रृंखला सहज हुने तथा गुणस्तरमा एकरुपता कायम गर्ने ।
- महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका तथा गाँउपालिकाहरुको कार्ययोजनामा पुर्वाधारलाई प्राथमिकतामा राखेको हुनाले भौतिक पूर्वाधार निमार्णले छिटो गति लिने ।
- सवारी साधनको चाप बढी रहने बाटोमा फ्लाईओभर, अन्डरपास निमार्ण गरी ट्राफिक जामको व्यवस्थापन गर्न सकिने ।
- यस प्रदेशमा जलविद्युत उत्पादनको लागि उपयुक्त भौगोलिक अवस्थिति र जलस्रोतको उपलब्धता रहेकाले Run Of River (ROR) र Reservoir Based जलविद्युत उत्पादन गर्न सकिने ।

## ६.३ रोजगारी

प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत आ.व. २०७८/७९ पुस मसान्तसम्म दोलखा जिल्लामा सबैभन्दा बढी (२८४ वटा) र ललितपुर जिल्लामा सबैभन्दा कम (१८ वटा) आयोजनाहरू रहेका थिए । त्यसैगरी, आ.व. २०७८/७९ पुस मसान्तसम्ममा दोलखा जिल्लाका युवाहरूले सबैभन्दा बढी रोजगारी प्राप्त गरेको देखिन्छ भने कुल सूचीकृत बेरोजगारको संख्या सबैभन्दा बढी दोलखा जिल्लामा रहेको छ (तालिका ६.२) ।

**तालिका ६.२: जिल्लागत रोजगारीको विवरण (पुस मसान्तसम्म)**

| जिल्ला | आयोजना संख्या | सूचीकृत बेरोजगार संख्या | कुल रोजगारी प्राप्त संख्या | कुल रोजगारी दिन |
|---|---|---|---|---|
| दोलखा | २८४ | १३४४२ | १७७३ | ९४९५४ |
| सिन्धुपाल्चोक | २१० | १२६२४ | १६४४ | ३४८१५ |
| रसुवा | ३० | ११४६ | २२६ | ७१०० |
| धादिङ | ६९ | ७०६३ | ४४६ | १६०४५ |
| नुवाकोट | १८४ | १०२४२ | ९४९ | ४५८८९ |
| काठमाडौं | ३६ | २११२ | २१० | २१५२ |
| भक्तपुर | १९ | १७५६ | १४७ | २००९ |
| ललितपुर | १८ | २४४१ | १२६ | ३६६९ |
| काभ्रेपलाञ्चोक | १८१ | ६५४२ | ५२७ | ९४३३ |
| रामेछाप | ७१ | ५६१८ | ३७२ | ७१५३ |
| सिन्धुली | १५६ | १०७५८ | ६०९ | २३१४७ |
| मकवानपुर | ७२ | ६१४० | ३१५ | ५३३६ |
| चितवन | ४६ | २८७४ | ३२० | ८९८१ |
| **जम्मा** | **१३७६** | **८२७५७** | **७६६४** | **२६०६८४** |

*स्रोत: प्रधानमन्त्री रोजगार कार्यक्रम, २०७९*

### वैदेशिक रोजगारी

कोभिड-१९ को प्रभाव कम भएसँगै आर्थिक क्रियाकलापहरु सञ्चालनमा आउन थालेको अवस्था छ । आर्थिक क्रियाकलाप सुचारु भए पश्चात् रोजगारीको अवस्थामा पनि उल्लेखनिय सुधार आएको छ । वैदेशिक रोजगार विभागबाट २०७८ साउन देखि पुससम्म कुल ४१,४१० जनाको वैदेशिक रोजगारीको लागि स्वीकृति प्रदान गरिएको छ। गत वर्ष सोही अवधिमा वैदेशिक रोजगारीको लागि स्वीकृति जम्मा ६,८३१ जनालाई प्रदान गरिएको थियो (तालिका ६.३) ।

**तालिका ६.३: जिल्लागत वैदेशिक रोजगारी श्रम स्वीकृतिको विवरण**

| जिल्ला | आ.व. २०७६/७७ साउन-पुस | आ.व. २०७७/७८ साउन-पुस | आ.व २०७८/७९ साउन-पुस |
|---|---|---|---|
| दोलखा | २३०९ | ३२२ | २१७२ |
| सिन्धुपाल्चोक | ४४२५ | ६३४ | ४०९० |
| रसुवा | ४२३ | १२१ | ५०९ |
| धादिङ | ३९६६ | ६२५ | ४१९८ |
| नुवाकोट | ३७३२ | ६०८ | ३७१७ |
| काठमाडौं | ३८३६ | ६३४ | ३२२१ |
| भक्तपुर | ९७३ | १७८ | ७९३ |
| ललितपुर | १६०० | २२६ | १४३१ |
| काभ्रेपलाञ्चोक | ४१२४ | ६५३ | ४१८३ |

| | | | |
|---|---|---|---|
| रामेछाप | २६२० | ३७१ | २४८८ |
| सिन्धुली | ३३५२ | ४६८ | ३५५२ |
| मकवानपुर | ४३६६ | ६५७ | ४६०४ |
| चितवन | ६२०० | १३३४ | ६४५२ |
| **कुल** | **४१९२६** | **६८३१** | **४१४१०** |

*स्रोत: वैदेशिक रोजगार विभाग*

# परिच्छेद ७: आर्थिक परिदृष्य

प्रदेशका कृषि विज्ञ, पशुपन्छी विज्ञ, मालपोत कार्यालय प्रमुख, यातायात व्यवस्था कार्यालयका कार्यालय प्रमुख, डिभिजन वन प्रमुख, उद्योगी व्यवसायी तथा अन्य सरोकारवालाहरुले आर्थिक परिदृश्य सम्बन्धी अभिव्यक्त गरेका विचार तथा जानकारीका आधारमा विश्लेषण गर्दा प्रदेशमा कृषि, उद्योग र सेवा क्षेत्रको गतिविधि आगामी महिनाहरुमा थप विस्तार हुने अनुमान गरिएको छ ।

## ७.१ कृषि क्षेत्रको उत्पादन परिदृष्य

हावाहुरी सहितको अप्रत्यासित वर्षातको कारण आर्थिक वर्ष २०७८/७९ मा धान उत्पादनमा गिरावट आउने अनुमान गरिएको छ । साथै, अन्तर्राष्ट्रिय बजारमा मल बीउबिजन महँगो हुनुका कारण यो आर्थिक वर्षमा समग्र कृषि उत्पादनमा केही ह्रास आउने सम्भावना रहेको छ । बिगत पाँच वर्षको उत्पादन तथा उत्पादकत्वको तुलनामा यस वर्षको उत्पादन तथा उत्पादकत्व हालसम्मकै न्यून रहेको छ । आगामी आर्थिक वर्षमा मौसमी अनुकुलताकासाथै मल बिउबिजनमा केही सहजताका, कृषि कार्यक्रममा पुर्नसंरचना लगायतका कारणले कृषि उत्पादनमा यस वर्षको तुलनामा केही वृद्धि हुने अनुमान रहेको छ ।

## ७.२ औद्योगिक क्षेत्रको परिदृष्य

कोभिड-१९ को घट्दो असर र अर्थतन्त्र चलायमान भएको अवस्थामा बागमती प्रदेशको औद्योगिक क्षेत्रमा केही सुधार आएको देखिन्छ । तर तरलताको अभाव र नीतिगत कडाईका कारण औद्योगिक क्षेत्रमा केही नकरात्मक असर पर्ने देखिन्छ । आगामी वर्ष विद्युत आपूर्तिमा वृद्धि हुने साथै सरकारको नीति तथा कार्यक्रममा औद्योगिक क्षेत्रलाई प्राथमिकतामा राखेको हुनाले औद्योगिक उत्पादनमा सुधार हुने अपेक्षा रहेको छ ।

## ७.३ सेवा क्षेत्रको परिदृष्य

कोभिड-१९ को महामारी पश्चात बागमती प्रदेशमा रहेका होटलहरुको अकुपेन्सी दर बढ्दो क्रममा रहेको छ । यसै गरी डिजिटल प्रविधिको प्रयोग बढ्दै गएको, यातायात तथा भण्डारणमा सुधार आएको, भौतिक रुपमा विद्यालय तथा हस्पिटल सुचारु भएको तथा खुद्रा तथा थोक व्यापारका विस्तार भएकोले आगामी आर्थिक वर्षमा सेवा क्षेत्रमा पनि सुधार आउने सम्भावना देखिन्छ ।

## ७.४ पूर्वाधार क्षेत्रको परिदृष्य

माथिल्लो तामाकोशी जलविद्युत आयोजनाको सञ्चालनसँगै प्रमखु क्षेत्रहरुमा बिजुलीको सहज उपलब्धताका कारण समग्र रुपमा सकारात्मक प्रभाव पर्नेछ । त्यसैगरी मेलम्ची खानेपानी आयोजनाले आवश्यक मर्मत सम्भार पश्चात् काठमाडौं उपत्यका भित्र खानेपानी वितरण पुनः सुरु गरिसकेको छ । कोभिड-१९ को प्रभाव कम भएसँगै निजी क्षेत्रबाट निर्माणाधिन जलविद्युत् आयोजना, विद्युत प्रसारण लाइन निर्माण, सुरुङ्गमार्ग निर्माण जस्ता केही महत्वपूर्ण पूर्वाधार आयोजनाहरुका कामहरुले पनि गति लिन थालेको स्थिति छ ।

***